'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

प्रविधिको प्रयोग व्यवस्थित गरौं
❖ प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
❖ परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
❖ सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
❖ पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
❖ डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
❖ बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
❖ व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
❖ प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।
प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : २२१ ★ ने. सं. ११४६ गुँला गा, चतुर्थी/पञ्चमी ★ मङ्गलबार ★ १६ भदौ, २०८३ ★ September 1, 2026, Tuesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## सहकारी संस्थाको सञ्चालक समितिका सदस्यहरूमा समर्पणको भावना जरुरी

भक्तपुर, १५ भदौ। ख्वप बचत तथा ऋण सहकारी संस्था लि.को १९ औं स्थापना दिवस तथा नवनिर्मित सहकारी भवन उद्घाटन कार्यक्रम नेपाल मजदुर किसान पार्टीका सचिव का. प्रेम सुवालको प्रमुख आतिथ्यमा सम्पन्न भयो।

कार्यक्रममा सचिव सुवालले सहकारी संस्थाको सञ्चालक समितिका सदस्यहरूमा समर्पणको भावना जरुरी भएको उल्लेख गर्दै संस्था सुरु गर्न सजिलो भए पनि दीगो सुसञ्चालन सजिलो नहुनेतर्फ सञ्चालक समितिका सदस्यहरू सचेत हुनु पनि उत्तिकै जरुरी छ भन्नुभयो।

उहाँले रसुवामा सुरु भएको भेलबाढीमा ज्यान गुमाएका र पीडितहरूप्रति नेपाल मजदुर किसान पार्टीले दुःख व्यक्त गरिसकेको उल्लेख गर्दै पीडितहरूको बेदना सुनेर सरकार समाधानमा लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

"देश जलाएर परिवर्तन आउने छैन। परिवर्तनको लागि शासकहरूले जनताको भावनाअनुसार काम गर्नु जरुरी हुन्छ," उहाँले भन्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुरमा रहेका सहकारी संस्थाहरूको नगरपालिकाले निरन्तर अनुगमन गरिरहेको बताउनुभयो। उहाँले नगरपालिकाले अक्सिजन तथा रगत निःशुल्क वितरणलगायतका सामाजिक सेवाका कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

भक्तपुर नगरपालिका वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले सहकारी संस्था विधि, विधान र नियमअनुसार सञ्चालन भए समस्या नआउने बताउनुभयो।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका उपाध्यक्ष जगन्नाथ प्रजापतिले भक्तपुरमा रहेका सहकारी संस्थाहरू नेपालमै उत्कृष्ट रहेको बताउनुभयो।

ख्वप साकोसका संस्थापक अध्यक्ष कुमार लघुले सहकारीमा सबै सदस्यको हक तथा अधिकार समान हुने बताउनुभयो।

नेमकिपा वडा नं. २ का इन्चार्ज गणेशप्रसाद सुवालले भदौ ९ को भक्तपुर काण्डका कारण धेरैले दुःख, कष्ट तथा जेलनेल भोग्नुपरेको स्मरण गर्नुभयो।

कार्यक्रमका सभापति एवम् संस्थाका अध्यक्ष राजकुमार लघुले संस्थाको आर्थिक अवस्थाबारे जानकारी दिँदै नवनिर्मित भवनले संस्थाप्रति सदस्यहरूको विश्वास अझ वृद्धि हुने बताउनुभयो।

संस्थाका कोषाध्यक्ष लक्ष्मीनारायण सुवाल तथा सचिव अमर बासुकलाले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा ख्वप साकोस धा बाजा समूह तथा ख्वप बचत बाँसुरी बाजा र भ्वाइलेन समूहले विभिन्न मधुर धुन प्रस्तुत गरेका थिए।

## इमानदार कार्यकर्ताहरूलाई प्रतिक्रियावादीहरूले अनेक जालझेल रचेर फसाउन सक्नेप्रति सचेत हुनुपर्ने

भक्तपुर, १५ भदौ। नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा भक्तपुर काण्डको भर्त्सना एवं प्रशिक्षण कार्यक्रम सोमबार भयो।




कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले भक्तपुर काण्ड राज्यस्तरबाट रचिएको एउटा षड्यन्त्र भएको स्पष्ट पार्दै जनताका इमानदार कार्यकर्ताहरूलाई प्रतिक्रियावादीहरूले अनेक जालझेल रचेर फसाउन सक्नेप्रति सचेत हुन जरुरी छ भन्नुभयो।

भक्तपुर काण्डमा नेमकिपाका अध्यक्षलगायत ६७ जना नेता-कार्यकर्तालाई सर्वस्वसहित ज्यान सजायको माग गरी झूटा मुद्दा चलाएको र हिरासतमा दिइएको अमानवीय यातनाबारे उहाँले चर्चा गर्नुभयो।

भदौ १० गते भोटेकोसी नदीमा आएको बाढी-पहिरोको कारण हुन गएको क्षतिप्रति दुःख प्रकट गर्दै उहाँले विपद्को बेलामा सरकार नै जनताको मुख्य साहारा हुने भएकोले विनापक्षपात छिटोभन्दा छिटो राहत उपलब्ध गराउनु जरुरी भएको बताउनुभयो।

नेक्रामजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई मार्गनिर्देशक सिद्धान्त मानी साम्यवादी समाज स्थापनाको लागि नेमकिपा सङ्घर्षरत छ भन्नुभयो।

भक्तपुर काण्डजस्तो षड्यन्त्रहरू भविष्यमा पनि दोहोरिन सक्नेतर्फ सचेत गराउँदै उहाँले कार्यकर्ताहरू धैर्यवान हुनुको साथै पार्टीप्रति आस्थावान हुनु जरुरी छ भन्नुभयो।

भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले मजदुर सङ्गठनका साथीहरूले मजदुरहरूको हक हित र अधिकारको साथै डकर्मी, सिकर्मीलगायत विभिन्न पेशामा आबद्ध मजदुर/श्रमिकहरूलाई सङ्गठित गर्ने कार्यमा लाग्नु जरुरी छ भन्नुभयो।

आयोजक समितिका अध्यक्ष विष्णुराम दुमरुको सभापतित्वमा भएको उक्त कार्यक्रममा समितिका रमेश दुमरु र बिक्रम ढकुछुले पनि बोल्नुभएको थियो।

## बाढीपीडितलाई राहत वितरणमा पक्षपात नहोस्

काठमाडौं, १५ भदौ। बेलाबखत आएको भूकम्प, डुबान, बाढी पहिरो, कोरोना, डेङ्गु, इन्फलुएन्जा आदि नेपालका विपत्तिका दृष्टान्तहरू हुन्। त्यस्तै भदौ १० र त्यसपछि भोटेकोसीमा आएका बाढीको भेलले पुऱ्याएको क्षति अर्को विपत्तिको दृष्टान्त हो। बाढीले धेरै धनजनको क्षति पुऱ्याएपछि सरकारले रसुवा, नुवाकोट धादिङ, गोरखा र तनहुँका १५ स्थानीय तहलाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न, बाढी प्रभावित क्षेत्रका जनताको खोज, उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन, प्रभावित पालिकाहरूलाई विपद् व्यवस्थापनमा सहज बनाउन सरकारले सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको हो। भोटेकोसी बाढी पीडितको राहतको लागि स्वदेश र विदेशबाट सरकारी राहत कोषमा रकम या सहयोग थपिने क्रम चालू छ। बाढी पीडित जनतालाई राहत पुऱ्याउन गरिएको देशी-विदेशी सहयोग पाउनु सकारात्मक पक्ष हो। पीडित नेपाली जनताप्रतिको सहयोग, सहानुभूति सकारात्मक पक्ष हो; यो सहयोगले अरु सहयोग गर्न थाल्ने मानवधर्मीहरूको लागि पनि प्रेरणा मिलेको छ।

जीवन मरणको यो घडीमा समयमै राहत पुऱ्याउनु जरुरी छ। खानपिनको व्यवस्था नभएर, कठ्याङ्ग्रिएर, घाइते भएर कति पीडितहरू थला परिरहेका छन्, कति भोकभोकै परेर मृत्युको दोसाँधमा परेका छन्। खान नपाएकालाई खाद्यान्न, बस्न नपाएकालाई बास र घाइतेलाई समयमै औषधि उपचारको व्यवस्था भयो भने त्यो राहतै हुन्छ। यी सबै बन्दोबस्त गर्न खाद्यान्न पुऱ्याउने, बासको व्यवस्था गर्ने, औषधि उपचार गर्ने आदि छुट्टाछुट्टै टोलीको व्यवस्था गर्नुपर्ने हुन्छ। यो व्यवस्थाको लागि स्थानीय तहले तुरुन्तै कसको के कति क्षति भयो ? को कति कहाँ सुरक्षितसाथ बसिरहेका छन् ? ती सबैको तथ्याङ्क सङ्कलन गर्नुपर्ने हुन्छ। पीडितहरूको क्षति विवरणको सूची तयार गर्नुपर्छ। खाद्यान्न वितरण सहज र व्यवस्थित हुनुपर्छ। यस कार्यमा तडाकताः आवश्यक छ। सेवा सुविधा पुऱ्याउने काममा विलम्ब गर्नु हुँदैन।

जुनसुकै स्थानीय तह या आधिकारिक समूहले खाद्यान्न या राहत वितरणमा भेदभाव गर्नु हुँदैन। वितरणमा भेदभाव या पक्षपात भयो भने, पीडितले नपाउने तर पीडित नभएको परिवारले राहत पायो भने त्यहाँ पीडित र पीडा सहन नसक्नेहरू आक्रोशित हुन सक्छन्; आक्रोशमा अर्को थप वितण्डा हुन बेर लाग्दैन। अतः खाद्यान्न या अन्य सहयोग वितरण पक्षपात या भेदभाव नगरिकन गर्नुपर्छ। राहत वितरण शीघ्रातिशीघ्र पीडितस्थलमा पीडितहरूसमक्ष पुग्नुपर्छ। राहत वितरणमा काखापाखा भयो या विभेद भयो भने त्यसले अर्को समस्या खडा गर्न सक्छ। 'समन्वय नहुँदा उद्धार राहतमा समस्या', 'उद्धारमा न साधन न विज्ञ', 'कोषमा सहायताको थुप्रो, पीडित भने भोकभोकै', 'रहयो घर न भविष्यको भर', 'उद्धार र राहतमा स्थानीय सरकारसँग समन्वय भएन', 'बाढीजन्य दुर्गन्धले सङ्क्रमणको जोखिम' जस्ता विभिन्न सञ्चारमाध्यममा आएको खबरले सरकारको तयारी नपुगेको हो कि भन्ने चिन्ता स्थानीय जनता र पीडित परिवारका सदस्यहरूमा हुनु स्वाभाविक हो।

राहत वितरणको क्रममा कसैले पाउने र कसैले नपाउने या राहत वितरण गर्दा गर्दै कसैलाई नपुग्ने आदि घटनाले पीडितहरूलाई थप चोट पुग्छ।

बाँकी पृष्ठ २ मा

## भोटेकोसी बाढी: उद्धारका लागि अन्तर्राष्ट्रिय राहत सहयोग जुट्दै

काठमाडौं, १५ भदौ। बुधबार रसुवालगायत क्षेत्रमा गएको भोटेकोशी बाढीको विपद्पछि नेपाल सरकारले खोजी, उद्धार तथा राहत र पुनःस्थापनाका लागि उपलब्ध सबै स्रोतसाधन तथा प्रयास परिचालन गरेको छ। साथै सरकारले जारी खोजी, उद्धार तथा राहत प्रयासका लागि आवश्यक सबै सामग्री र स्रोतसाधनको मूल्याङ्कन, अनुरोध, प्राप्ति तथा परिचालन गर्न छिमेकी मुलुक तथा अन्तर्राष्ट्रिय समुदायसँग समन्वय गरिरहेको छ।

यसै क्रममा विभिन्न मुलुकबाट नेपाललाई उद्धार तथा राहत सहयोग आउनेक्रम पनि बढेको छ। भोटेकोशी बाढीसम्बन्धी परराष्ट्र मन्त्रालयले सोमबार आयोजना गरेको प्रेस ब्रिफिङमा हाल भारतबाट ११ जना र चीनबाट नौ जना सम्मिलित सुरुङ उद्धारसम्बन्धी विशेषज्ञ टोली नेपाली अधिकारीसँगको समन्वयमा क्रमशः मेलुङ (चिलिमे) र स्याफ्रुबेसी तथा माथिल्लो त्रिशूली थ्रि ए क्षेत्रमा परिचालित रहेको जानकारी दिइयो।

त्यस्तै दक्षिण कोरियाबाट पनि एउटा टोली परिचालन गरिएको छ। यसैगरी, शव व्यवस्थापनका लागि एयरटाइट ब्याग पनि प्राप्त गरिसकेको मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्री पौडेलले जानकारी दिनुभयो।

प्रवक्ता क्षेत्रीका अनुसार भारत, चीन, जापान, संयुक्त राज्य अमेरिका, संयुक्त अरब इमिरेट्स, कोरिया गणतन्त्र तथा अन्य देश र साझेदारबाट यसअघि नै उद्धार सहयोग प्राप्त भइसकेको छ। यसअन्तर्गत पुलका एकाइ, फ्रिजर, जेनेरेटर सेट, सौर्य बत्ती, डीएनए परीक्षण किट, पुलका एकाइ, आपत्कालीन राहत उपकरणहरूका साथै पाल, कम्बल, स्लीपिङ ब्याग, खाद्य प्याकेट, औषधिलगायतका सामग्रीहरू रहेका मन्त्रालयले जनाएको छ।

"हामीले संयुक्त राज्य अमेरिकाबाट फ्रिजर, डीएनए परीक्षण किट तथा लाइडरजस्ता आवश्यक गैर-खाद्य सामग्री र सेवाका लागि थप अनुरोध गरेका छौं। बेलीब्रिज (जसमध्ये केही प्राप्त भइसकेका छन्) तथा उच्च क्षमताका ड्रोन (चीन र सिङ्गापुरबाट) जस्ता विशेष सामग्री तथा सेवाका लागि पनि अनुरोध गरिएको छ।

बाँकी पृष्ठ ८ मा

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

□ नुवाकोट र रसुवा जिल्लाका जलविद्युत् आयोजनामा फसेका ५०० भन्दा बढी प्राविधिक र कामदारको उद्धार गर्न पाँच दिनयता नेपाली सेना, नेपाल प्रहरीका विशेषज्ञसहित तालिम प्राप्त कुकुर परिचालन गरिए पनि सुरुङमा लेदो भरिएको कारण भित्र प्रवेश गर्न नसकिएको सार्वजनिक भयो। त्रिशुली ३ 'ए' मा चिनियाँ र कोरियाली विशेषज्ञ तथा त्रिशुली ३ 'बी' मा चिनियाँ विशेषज्ञ टोली समेतको संलग्नतामा उद्धार सुरु भएको बाहिरियो।

□ विनाशकारी भेलबाढी आएलगत्तै भदौ १० गते नै मित्रदेशसँग उद्धारका लागि विशेषज्ञ र उपकरण माग गर्नुपर्नेमा सरकार यसतर्फ सचेत नभएको र विलम्बमा परेको पनि सार्वजनिक भयो।

त्रिशुली ३ 'ए' र त्रिशुली ३ 'बी' को सुरुङमा पानी भरिएको र चिलिमे जलविद्युत्‌को सुरुङको सयमिटर भित्र टालिएको अवस्था रहेको पनि सार्वजनिक भयो। विदेशी मित्रहरूलाई गुहार्ने काम ढिलो किन गरियो ?

□ भदौ १४ गते आइतबारसम्म ८२३ जनाको शव भेटिएकोमा ३२ जनाको मात्र सनाखत भएको सार्वजनिक भयो। यसको अर्थ पीडित परिवारले मृतक पहिचान गर्न सक्ने अवस्थामा नरहेको अर्थात् लास क्षतविक्षत भएको किन होइन ?

□ माथिल्लो त्रिशुली मा ५७६ जना सम्पर्कविहिनमध्ये ३ सयभन्दा बढी सुरुङभित्र फसेको, माथिल्लो त्रिशुली ३ 'ए' मा सम्पर्कविहिन ४२ मध्ये सुरुङभित्र ३५ फसेको, लाङटाङ जलविद्युत्‌को सुरुङमा ४२ जना फसेको, माथिल्लो त्रिशुली ३ 'बी' मा सम्पर्कविहिन २९३ जनामध्ये सुरुङभित्र कति र भेलबाढीमा कति बगाइएको स्पष्ट नभएको पनि सार्वजनिक भयो।

# मध्यपुर थिमिमा परम्परागत थिमि भैलः नाच सञ्चालन



मध्यपुर थिमि, १५ भदौ । मध्यपुर थिमि नगरपालिका वडा नं. ५ कुमाननी/तुलंननी टोलबाट यस वर्ष परम्परागत थिमि भैलः प्याख (नाच) प्रदर्शन गरिएको छ । यो प्रदर्शनी गाईजात्राको भोलिपल्ट भाद्र कृष्ण द्वितीया, गुँला गा द्वितीयादेखि पञ्चमीसम्म सञ्चालन हुने गर्दछ। अर्थात् यस वर्ष भदौ १४ गतेदेखि १७ गतेसम्म नाच नचाइने छ । मध्यपुर थिमिमा लाय्कु दरबारबाट पनि लायकु भैलः नचाइन्छ भने प्रजापति समुदायबाट पनि विभिन्न टोलमा यो नाचको आयोजना गरिन्छ । नाचको लागि १२ जनाले दागः, आठ जनाले भुस्या, आठ जनाले पोङ्गा र चार जनाले मुहाली बजाई सुर ताल दिने गरिन्छ ।

यो प्रदर्शनी मध्यपुर थिमि नगरपालिका, वडा कार्यालय तथा स्थानीय टोल कुमाननी र तुलननी एवं विभिन्न वडावासीहरूको साथ र सहयोगमा निकाल्न लागिएको हो । मल्लकालीन सांस्कृतिक एवं ऐतिहासिक महत्त्व बोकेको थिमि भैलः प्याख गणेश सांस्कृतिक समाजको आयोजना तथा स्थानीय नगर तथा टोलवासीहरूको सक्रिय साथ र सहयोगमा निकालिएको छ ।

परम्परागत भैलः प्याखं ऐतिहासिक तान्त्रिक महत्त्व बोकेको नाचमा दुईजना भैरव, दुई जना कुमारी अर्थात् दागीं र एक ज्यापुंग रहेका हुन्छन् । कुल ३२ ताल नचाइने परम्परागत थिमि भैलःमा अहिले २७ ताल प्रचलित छन् ।

भैलः प्याखं किन नचाइन्छ ?

कहिलेबाट यो नाच सुरू भएको हो भन्ने कुनै अभिलेख छैन । लोकोक्तिअनुसार धेरै अगाडि थिमिमा भूतप्रेतहरूले धेरै दुःख दिने गर्थे । दिउँसो नै भूतप्रेतले दुःख दिन थालेपछि मानिसहरू एक्लै हिँडदूल गर्न डराउन थाले । खेतमा काम गर्न जान पनि छाडे र नगरमा हाहाकार हुन थाल्यो । तान्त्रिक भैलःको साधना गरेर भूतप्रेतहरू भगाउन सकिन्छ भनेर भैलःको साधना गरेर तन्त्र विधिबाट भैलः को विभिन्न क्रोधको मुद्रामा नाच निकालेपछि भूतप्रेत भागे भन्ने लोकोक्ति छ । त्यसैले यो नाच नचाउनुको मुख्य उद्देश्य नै दुःख दिइरहने दुष्ट राक्षसहरू भगाउन सुरक्षा दिन र सबैको शुभ होस् भन्ने हो ।

परम्परागत थिमि भैलः नाचमा नृत्य गर्ने देवगणहरू निम्नानुसार छन् ।

१. **ज्यापुंगःचा (हरिसिद्धी) :** श्याम वस्त्र, मकुन्डो हुँदैन तर कलात्मक मतु मात्रै लगाइएको हुन्छ । हातमा ढकी बोकेको हुन्छ ।

२. **न्हापा भैल :** पहिलो भैरव/चण्डिका भैलः/प्रचण्ड/चण्ड भैलः (दिगु भैलःको प्रतीक); श्याम वस्त्र, डरलाग्दो, ठुलो भैरव मकुन्डो लगाइएको हुन्छ । हातमा खड्ग बोकेको हुन्छ ।

३. **लिपा भैल :** दोस्रो भैरव, बटुक भैरव (बालकुमारीको भैरवको प्रतीक): श्याम वस्त्र, डरलाग्दो ठुलो भैरव मकुन्डो लगाइएको हुन्छ । हातमा खड्ग बोकेको हुन्छ ।

४. **न्हापा दागेँ :** कुमारी ( बालकुमारीको प्रतीक):-रातो वस्त्र, रक्त वर्ण, मकुन्डो लगाइएको हुन्छ । हातमा डमरु लिएको हुन्छ ।

५. **लिपा दागेँ :** महालक्ष्मी : रातो वस्त्र, रक्त वर्ण, मकुन्डो लगाइएको हुन्छ । हातमा डमरु लिएको हुन्छ ।

# वागीश्वरी माविमा १९ औँ पुस्तकालय दिवस




भक्तपुर, १५ भदौ । १९ सौँ पुस्तकालय दिवस सोमबार, वागीश्वरी सभाहलमा एक विशेष कार्यक्रम गरी मनाइयो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले डिजिटल तरिकाले पुस्तक पढ्नुभन्दा वास्तविक पुस्तक पढ्नुपर्ने कुरामा जोड दिँदै पुस्तकमा पढेको कुरा स्मरणमा रहिरहने बताउनुभयो ।

टेक्स्टका संयोजक दिनेश प्रधानले कक्षा ९/१० का विद्यार्थीहरूले खासगरी नेपाली र सामाजिक विषय सजिलो बनाउन र कल्पनाशक्ति बलियो बनाउन पठन संस्कृतिमा जोड दिँदै पढ्नुपर्ने केही पुस्तकहरूको सूचीसमेत प्रस्तुत गर्नुभयो । त्यस्तै विद्यालयका नेपाली शिक्षक इन्द्रकुमार श्रेष्ठले विद्यार्थीले सुरुमा आफ्नै देश र दर्शन बुझ्ने पुस्तकहरू पढ्नुपर्ने कुरा बताउनुभयो ।

कार्यक्रममा कक्षा ९ र १० का गरी जम्मा १४ जना विद्यार्थीहरूले आफूले मन पराएर पढेका विभिन्न पुस्तकको सामान्य परिचयात्मक समीक्षा प्रस्तुत गरेका थिए । कक्षा १० की छात्रा निशा थापाले सञ्चालन गरेको र सहायक प्रधानाध्यापक ज्ञानेन्द्र श्रेष्ठ, शिक्षक मङ्गलेश्वर ध्वजु र पुस्तकालय शिक्षक राधेश्याम प्रजापतिलगायतको समुपस्थितिमा भएको उक्त कार्यक्रम पुस्तकालय प्रमुख लक्ष्मीप्रसाद गाँइजुको सभापतित्वमा भएको थियो ।

# अत्यावश्यक काम नपरी हेलिकप्टर माग नगर्न प्राधिकरणको अनुरोध

काठमाडौँ, १५ भदौ । अत्यावश्यक काम नपरी हेलिकप्टरमार्फत उद्धारको माग नगर्न सम्बन्धित निकायसँग आग्रह गरिएको छ । आपत्कालीन अवस्थामा अत्यावश्यक खोज तथा उद्धारका साथै राहत सामग्री ढुवानीका लागि हेलिकप्टरको प्रयोग गर्नुपर्ने भएकाले अनावश्यक काममा हेलिकप्टरको माग नगर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आग्रह गरेको हो ।

न्यून प्रभावित, अप्रभावित तथा उच्च स्थानमा सुरक्षित रहेका व्यक्तिबाट समेत हवाई उद्धारको माग भइरहेको प्रवक्ता शान्ति महतले जानकारी दिनुभयो ।

भोटेकोसी बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका प्रभावित क्षेत्रबाट हालसम्म २५२ विदेशी र तीन हजार ३४४ नेपाली गरी तीन हजार ५९६ जनाको हवाई उद्धार गरिएको उहाँले बताउनुभयो ।

प्राधिरकणले वैकल्पिक मार्ग प्रयोग गर्न सर्वसाधारणलाई अपिल गरेको छ । धादिङबेँसी-परेवाटार-नेपालटार-गजुरीटार-पिपलटार-आदमटार-बेलिनटार र केउरिनीटार हुँदै मास्टार (ह्याम्लेट रेस्टुरेन्ट) भएर पृथ्वी राजमार्गसम्म पुग्ने वैकल्पिक मार्ग सञ्चालनमा छ ।

त्यस्तै, रसुवा जोड्ने वैकल्पिक मार्ग विदुर-ढिकुरे-चौघडा-आँप्र-नर्जा-लच्याङ-सरमर्थाले-पाटीखर्क हुँदै बोगटीटार (पासाङल्हामु राजमार्ग, रसुवा)-कालिकास्थान-धुन्चेसम्म चार चक्के साना सवारीसाधन सञ्चालन हुने गरी सुचारु भएको छ । ***रासस***

# एसिसी प्रिमियर कप क्रिकेट : बहराइनमाथि नेपालको जित

काठमाडौँ, १५ भदौ । एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबार भएको खेलमा नेपालले बहराइनलाई पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ ।

मलेसियाको बांगीमा भएको खेलमा नेपालले बहराइनलाई सात विकेटले पराजित गर्दै जित हासिल गरेको हो ।

बहराइनले जितको लागि दिएको ८८ रनको सामान्य लक्ष्य पच्छ्याएको नेपालले २१ ओभरमा तीन विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो ।

नेपालको लागि अर्जुन कुमालले अविजित ३६ रनको योगदान दिए । उनले ५८ बलमा पाँच चौका प्रहार गर्दै ३६ रन बनाएका हुन । त्यस्तै, रोहितकुमार पौडेलले अविजित १९ तथा आसिफ शेखले १८ रन जोडे । देव खनालले १० रन बनाए । बलिङतर्फ बहराइनका इमरान जाभेद अनवारले तीन विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बहराइनले ३६.२ ओभरमा सवै विकेट गुमाउँदै ८७ रनमा समेटिएको थियो ।

बहराइनको लागि फिआज अहमेदले १५ बलमा सर्वाधिक १५ रन बनाए । त्यस्तै मुहम्मद वासिमले १३ रन जोडे । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

बहराइनलाई ८७ रनमा समेट्नेक्रममा नेपालका सन्दिप लामिछानेले पाँच विकेट लिए । यस्तै ललित नारायण राजवंशीले ३ विकेट लिँदा करण केसीले २ विकेट हात पारे । नेपालले आफनो दोस्रो खेल यही भदौ १८ गते मलेसियासँग खेल्नेछ । ***रासस***

# सेनाद्वारा ३३० जनाको उद्धार सुरुङमा खोजीकार्य जारी

रसुवा, १५ भदौ । रसुवामा भदौ १० गते भोटेकोशीमा गएको बाढीका कारण प्रभावित भएका नागरिकको उद्धारकार्य तीव्र रूपमा भइरहेको छ । नेपाली सेनाको हेलिकप्टरमार्फत सोमबार दिउँसो १:३० बजेसम्म ३३० प्रभावितलाई सुरक्षित स्थानमा उद्धार गरिएको छ ।

बाढीका कारण जलविद्युत् आयोजनाका सुरुङ (टनेल) मा फसेकाको खोजी र उद्धारका लागि प्राविधिक तथा विज्ञ टोली परिचालन गरिएको नेपाली सेनाले जनाएको छ । सेनाका अनुसार त्रिशूली-३ जलविद्युत् आयोजनाको टनेलमा करिब १५ मिटर तल ओर्लेर टोलीले काम गरिरहेको छ । त्यस्तै, त्रिशुली-३ बी (३ख) को टनेलमा पनि सेनाको विज्ञ फौजसहितको टोलीले खोज तथा उद्धार कार्यलाई निरन्तरता दिएको छ ।

रसुवागढी हाइड्रोपावरको टनेलमा भने सुरक्षाकर्मीको संयुक्त टोली खोजतलास गर्दै करिब २५० मिटर भित्रसम्म पुगेको थियो । तर, त्यहाँ कोही पनि फेला नपरेपछि टोली बाहिर फर्किएको नेपाली सेनाले जनाएको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्धारकार्यलाई व्यवस्थित र समन्वयात्मक बनाउन नेपाली सेनाका आठ हजार ९०० भन्दाबढी जनशक्ति प्रत्यक्ष रूपमा खटिएका छन् । सेनाको टोलीले खोला किनार, पहाडी क्षेत्र तथा स्थानीयका घर-घरमा पुगेर खोजी, उद्धार र राहतकार्य गरिरहेको नेपाली सेना श्रीनाथ गणले जनाएको छ ।

# बाढी प्रभावितलाई 'विश्व खाद्य कार्यक्रम' को २९ टन खाद्य सामग्री

काठमाडौँ, १५ भदौ । 'विश्व खाद्य कार्यक्रम'बाट प्राप्त २९ टनसहित ३० टन खाद्य सामग्री भोटेकोशी बाढीबाट प्रभावित रसुवा र नुवाकोटका नागरिकका लागि पठाइएको छ ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीको पहलमा ३० टनभन्दा बढी खाद्य सामग्री बाढीबाट प्रभावित क्षेत्रमा पठाइएको हो । सो खाद्यान्न सवारीसाधनमार्फत रसुवा र नुवाकोटतर्फ पठाइएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ ।

विपद्बाट प्रभावित नागरिकलाई तत्काल खाद्य सहायता उपलब्ध गराउने उद्देश्यले राहत सामग्री सम्बन्धित प्रभावित क्षेत्रमा पठाइएको हो ।

***बाढीपीडितलाई..***

यसकारण, राहत वितरण गर्दा पीडितहरूको सूची, पीडितहरूको समस्या राम्ररी बुझ्नुपर्छ र वितरणको लागि प्राप्त भएको राहत निश्चित स्थानमा निश्चित समयमै पुऱ्याइएको खण्डमा त्यो साँचो राहत हुनेछ र पीडितहरूलाई पीडामा अलि हलुका हुनेछ । बस्ती बगाएर उजाड, बजार र खेत बगरमा परिणत हुँदा घटनास्थल पुग्न पनि स्थानीय जनता, सहयोगी व्यक्तिहरूलाई असजिलो भएको महसुस गरिएको छ । खोला तरेर जाने पुल बगाउनु, पुरेको ठाउँमा हिलैहिलो हुनु र सडक, बाटो बगाइएकोले एक बस्तीबाट अर्को बस्तीमा जान कठिन अवस्था छ । यी यावत कारणले पीडितहरूकहाँ समयमै राहत पुऱ्याउन नसकेको गुनासो पनि छ । यस्तो सङ्कट र विपत्तिको बेला कसले, कहाँ, कसरी सहयोग गर्न सकिन्छ, त्यसतर्फ सबै पक्षको ध्यान जानु आवश्यक छ । साथ र सहयोग भनेकै आपतविपत्या सङ्कटको बेला हो ।

अनुसन्धानले बेपत्ता भएको सङ्ख्या अझै धेरै रहेको देखाएको छ । बेपत्ता हुनेहरूको खोजीकार्य प्रभावित सबै क्षेत्रमा चालू राख्नुपर्छ । शव व्यवस्थापन गर्ने, प्रमाणको आधारमा पीडित परिवारलाई शव हस्तान्तरण गर्ने काममा पनि ध्यान दिनु आवश्यक छ । बाढीले माटोभित्र मिसिएका मानव तथा पशुपन्छीको शरीर बाहिर निकाल्ने काम चालू राख्नुपर्छ । समयमा शव व्यवस्थापन नहुँदा दुर्गन्ध फैलिएको हुन्छ । त्यही दुर्गन्धले अर्को रोगको प्रकोप फैलिन सक्छ । दुर्गन्ध तथा कीटाणु फैलिन नदिन कीटनासक रसायन प्रयोग गर्ने व्यवस्था पनि छिटो छरितो गर्नुपर्ने हुन्छ । यसबारे सम्बन्धित सबै पक्ष चनाखो हुनुपर्छ र पीडितहरूको उद्धार गर्ने, बस्ने, खाने र उपचार गर्ने बन्दोबस्त छिटोभन्दा छिटो गर्नु बुद्धिमानी हुनेछ ।

## सङ्क्षिप्त समाचार

# तनहुँमा भेटिएका शव जङ्गलमा व्यवस्थापन गरिँदै

दमौली (तनहुँ), १५ भदौ । देवघाटस्थित त्रिशुली नदीमा फेला परेका शवको व्यवस्थापन व्यास नगरपालिका-५ स्थित चैनपुर जङ्गल क्षेत्रमा गरिने भएको छ । भोटेकोसी बाढीका कारण ज्यान गुमाएका तथा हालसम्म पहिचान हुन नसकेका शवहरूको भविष्यमा समेत पहिचान गर्न सकिने गरी जङ्गलमा व्यवस्थापन गर्न लागिएको हो ।

तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले शव व्यवस्थापनअघि कानुनी तथा वैज्ञानिक प्रक्रिया पुरा गरिसकिएको जानकारी दिनुभयो ।

उहाँले शव पहिचानका लागि डिएनए नमुना सङ्कलनदेखि आवश्यक प्रक्रिया पूरा गरेपछि मात्र शव व्यवस्थापन गरिने बताउनुभयो ।

तनहुँ क्षेत्रमा ३७ शव भेटिएकामा २४ शव पोखरा पठाइएको छ भने १४ शव प्रदेश अस्पताल दमौलीमा राखिएको छ ।

आवश्यक विवरण र नमुना सुरक्षित राखिने प्रशासनले जनाएको छ । शव व्यवस्थापन कार्य संवेदनशील भएकाले स्वास्थ्य, सुरक्षा तथा स्थानीय प्रशासनको समन्वयमा आवश्यक मापदण्ड पूरा गरी काम अघि बढाइएको छ । *रासस*

# रसुवागढी जलविद्युत् केन्द्रका प्रमुखसहित ९३ जना बेपत्ता

रसुवा, १५ भदौ । रसुवागढी जलविद्युत् केन्द्रका इन्जिनियर टीका पौडेलले भोटेकोसीमा गएको बाढीपछि प्रमुख सन्तोष अधिकारीसहित ५१ जना कर्मचारी र ४२ मजदुर गरी केन्द्रका ९३ जनशक्ति हाल बेपत्ता अवस्थामा रहेको जानकारी दिनुभयो ।

इन्जिनियर पौडेलले भोटेकोसी बाढीबाट टिमुरेस्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा अध्यापन गराउने शिक्षिकासमेत रहेकी आफ्नी श्रीमती कविता न्यौपाने पौडेलसहित रसुवागढी जलविद्युत् केन्द्रका सबैजसो सहकर्मी गुमानुपरेको पीडा सुनाउनुभयो । विनाशकारी बाढीको दुई दिनअघि काठमाडौँमा अध्ययनरत छोरीको उपचार गराउन आउँदा ज्यान जोगिए पनि श्रीमतिसहित सहकर्मी गुमाउनुपर्दाको पीडाका बिच उहाँले जीवनमा अकल्पनीय दुःख व्योहोर्न परेको बताउनुभयो ।

बिहान कार्यालय समयभन्दा अघि एक्कासि बाढी आएकाले अधिकांश सहकर्मीसहित परिवारजन टिमुरेस्थित आवासगृहबाट बेपत्ता भएको हुनसक्ने बताउँदै इन्जिनियर पौडेलले सो समयमा रसुवागढी जलविद्युत केन्द्रभित्र तीन जनामात्र कर्मचारी रहेको जानकारी दिनुभयो । उहाँले चिलिमे जलविद्युत् केन्द्रमा पनि जम्मा छ जना कर्मचारी रहेको भन्ने जानकारी प्राप्त भएको बताउनुभयो । *रासस*

# रसुवा बाढीमा परी निधन भएकाको पशुपति आर्यघाटमा निःशुल्क दाहसंस्कार गरिने

काठमाडौँ, १५ भदौ । रसुवा बाढीमा परी निधन भएकाको पशुपति क्षेत्रस्थित आर्यघाट एवं भष्मेश्वर घाटमा निःशुल्क दाहसंस्कार गरिने भएको छ । पशुपति क्षेत्र विकास कोषले रसुवा बाढीमा परी निधन भएकाको निःशुल्क दाहसंस्कार गर्ने गरी सबै व्यवस्था मिलाएको पशुपति क्षेत्र विकास कोष, सञ्चालक परिषद्का सदस्य केदारमान भण्डारीले राससलाई जानकारी दिनुभयो ।

रसुवा बाढीमा परी निधन भएकाको निःशुल्क दाहसंस्कारका लागि शरदराज वैद्यलाई सम्पर्क गर्न पनि कोषले आह्वान गरेको छ । वैद्यको सम्पर्क नं ९८४१२२९९९४ मा सम्पर्क गर्न सकिने पनि उहाँले बताउनुभयो ।

यस विषयमा थप जानकारीका लागि कोषको कार्यालयमा सम्पर्क गर्न सकिने पनि कोषले जनाएको छ । विपद्मा एक, अर्कालाई सहयोग गरी मानवता जोगाउन कोषले यो सेवा सुरु गरेको सदस्य भण्डारीले बताउनुभयो । *रासस*

# जुम्लामा एक हजार ९०० क्विन्टल चामल मौज्दात

जुम्ला, १५ भदौ । जुम्लास्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा एक हजार ९०० क्विन्टल चामल मौज्दात रहेको छ । चालु आर्थिक वर्षका लागि सरकारले पाँच हजार क्विन्टल खाद्यान्नको कोटा जिल्लाका लागि निर्धारण गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालयका प्रमुख मनोज जोशीले जानकारी दिनुभयो ।

अहिले नियमित रूपमा नेपालगन्जबाट ढुवानीकार्यलाई तीव्रता दिएपछि खोदाममा खाद्यान्न मौज्दात सन्तोषजनक छ । प्रतिदिन करिब ९० क्विन्टल चामल बिक्री हुने गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनीका प्रमुख जोशीको भनाइ छ ।

अत्यधिक रूपमा पछिल्लो समयमा चामलको माग आउने गरेको छ । कम्पनीको वार्षिकोत्सवका अवसरमा पारी साउन २८ गतेदेखि रु. १२५ छुट गरी सहुलियत मूल्यको पसल सञ्चालन गरी खाद्यान्न बिक्री वितरण गरिएको छ । खाद्य कम्पनीले अहिले अरुवा मोटा चामललाई प्रतिबोरा रु. एक हजार ४००, अरुवा सोना मन्सुली रु. एक हजार ४२५, मध्यम चामल रु. एक हजार ४५० र स्टिम जिरा चामलको रु. दुई हजार १७५ मूल्य तोकेको छ । खाद्य कम्पनीबाट चिनी, भटमासको तेल र सूर्यमुखी तेल बिक्री हुने गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालयले जनाएको छ । *रासस*



**बाढीपीडितहरूको उद्धारका लागि रसुवामा राखिएको एम्बुलेन्स**

रसुवाको भोटेकोसीमा भदौ १० गते आएको बाढीमा परी घाइते हुन भएकाहरूको उद्धारका लागि रसुवामा तयारी अवस्थामा राखिएको एम्बुलेन्स, अन्य गाडीहरू । *तस्बिर: सरस्वती न्यौपाने/रासस*

# हेलिकप्टरमार्फत बाढी प्रभावितलाई अत्यावश्यक सामानको व्यवस्थासहित उद्धार

रसुवा १५ भदौ । सरकारले हेलिकप्टरमार्फत त्रिशुली नदी उत्तर-पश्चिमतर्फका नुवाकोट र रसुवाका बाढी प्रभावित जनतालाई खाद्यान्न, नुन-तेललगायत अत्यावश्यक सामग्रीको व्यवस्था गरी राहत वितरण तथा उद्धार कार्यलाई प्राथमिकता दिएको छ ।

सरकारले अहिलेको विषम परिस्थितिमा आपत्कालीन अवस्था घोषणा गरी जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीसहित सरोकार भएका सम्पूर्ण सरकारी संयन्त्र परिचालन गरी हवाई कम्पनीहरूको सहयोग र सहकार्यमा राहत वितरण तथा उद्धार कार्यलाई तीव्रता दिएको हो ।

भोटेकोसी हुँदै त्रिशुली नदीमा गएको बाढीका कारण तटीय क्षेत्रका बस्ती, सडक तथा पुल बगेपछि प्रभावित बासिन्दालाई हवाईमार्गको प्रयोग गरी खाद्यान्नलगायत अत्यावश्यक सामग्रीको व्यवस्था गरिएको नुवाकोट तथा रसुवा जिल्ला प्रशासन कार्यालयले स्पष्ट गरेको छ ।

देशका सबैजसो हवाई कम्पनीका हेलिकप्टर प्रयोग गरी प्रभावित क्षेत्रमा सामान ढुवानी गरिएको जानकारी दिँदै रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले हिजो आइतबार २०० भन्दा बढी उडान भएको बताउनुभयो ।

उहाँका अनुसार नेपाली सेनासहित सुरक्षा निकाय र जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा सवारीसाधनको सहज पहुँच भएको नुवाकोटको बट्टारबाट बाढी प्रभावित क्षेत्रमा ढुवानी गरी फर्केर आउँदा गोसाइँकुण्ड पदमार्गमा अलपत्र परेका करिब २०० तीर्थयात्रुको उद्धार गरिरहेको छ ।

हेलिकप्टर प्रयोग गरी सामन ढुवानीसहित बाढी प्रभावितको उद्धार कार्यलाई सोमबार बिहानैदेखि निरन्तरता दिएको बताउँदै रसुवाका सहायक प्रमुख जिल्ला अधिकारीले सरकारको निर्देशनअनुसार समन्वयात्मक एवं एकीकृत ढङ्गबाट सरोकार भएका सबैको सहयोग लिई उद्धार, राहत वितरण, पुनःस्थापना तथा पुनर्निर्माणको कामलाई प्राथमिकता दिन नीति रहेको स्पष्ट गर्नुभयो ।

यसैबिच, बाउबाजेदेखिको थातथलोसहित परिवारका सदस्य गुमाएका रसुवा तथा नुवाकोटका बाढी पीडित परिवारजनले अकल्पनीय बाढीको सन्त्रासबाट आत्तिएर काठमाडौँ पुगेका तथा अध्ययनका सिलसिलामा काठमाडौँमा रहेकालाई काठमाडौँमा राहत वितरण गर्न सरकारसँग अनुरोध गरेका छन् ।

अहिले काठमाडौँका तारकेश्वर नगरपालिका-८ गैरीगाउँ-शान्तिटोलमा रसुवा बाढीबाट विस्थापित ९० घरपरिवार अस्थायी प्रकृतिको आश्रयस्थलमा बसिरहेको पर्यटन व्यवसायीसमेत रहनुभएका उत्तरगयाका बाढी प्रभावित शिव लामिछानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार विपद्मा आश्रय दिँदै आएको स्वयम्भूस्थित यलो गुम्बामा बसिरहेका बाढी पीडितले समेत सरकारबाट राहत सुविधाको आस गरिरहेका छन् । *रासस*

# भोटेकोसी बाढी : सुरुङ इलाकामा खोज, उद्धार तीव्र

काठमाडौँ, १५ भदौ । भोटेकोसी बाढीका कारण त्यस क्षेत्रका विभिन्न जलविद्युत् आयोजनाको सुरुङमा फसेका व्यक्तिको खोज तथा उद्धारलाई तीव्र पारिएको छ ।

नेपाली सेनाको कमाण्डमा विशेषज्ञसहितको टोलीले विद्युत् आयोजनाका सुरुङलाई केन्द्रित गरी तीन दिनदेखि खोज तथा उद्धार अभियानलाई निरन्तरता दिइरहेको छ ।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार त्रिशुली-३ 'बी' को सुरुङमा विज्ञसहितको फौज खटिई खोज तथा उद्धार जारी छ ।

विदेशीसहितको संयुक्त खोज तथा उद्धार टोलीले चिलिमे हाइड्रोको सुरुङभित्र करिब १०० मिटर प्रवेश गरी हराइरहेका व्यक्तिको खोजी गरिरहेको छ । त्यसक्रममा सुरुङभित्रको भाग हिलो माटोले पुरिएको पाइएको र त्यहाँबाट दुई वटा शव सङ्कलन गरिएको सेनाले जनाएको छ ।

माथिल्लो त्रिशुली-१ मा टनेलभित्र करिब ३०० मिटरसम्म प्रवेश गरी खोजी गरिएको र त्यहाँबाट एउटा शव सङ्कलन गरिएको छ । यस्तै लाङटाङ आयोजनाको सुरुङमा खोज तथा उद्धार भइरहेको सेनाले जनाएको छ ।

त्रिशुली-३ 'ए' मा सोमबार बिहान करिब २ बजे विस्फोटक पदार्थ प्रयोग गरी सुरुङ खोल्ने काम गरिएको थियो । त्यहाँ दुई वटा एक्स्काभेटरमार्फत १० मिटरमुनि प्वाल बनाउने, सुरुङभित्रको पानी, हिलो र लेदोलाई सफा गर्ने काम जारी छ ।

बाढीबाट प्रभावित क्षेत्रका जङ्गल, डाँडा, खोला र बस्ती इलाकामा उद्धारको आवश्यकता मूल्याङ्कन गर्न पैदल गस्ती जारी रहेको निर्देशनालयले जनाएको छ ।

सैनिक प्रवक्ता राजाराम बस्नेतका अनुसार स्याफ्रुबेँसी इलाकामा राहत तथा रासन वितरणसँगै लाङटाङ हाइड्रो इलाकामा निरीक्षण गरिएको छ । रसुवाको धुन्चे र नुवाकोटको त्रिशुलीमा सेनाले स्थापना गरेको आपत्कालीन उपचार केन्द्रमा हालसम्म दुई हजार ६३२ ले स्वास्थ्य सेवा लिएका छन् ।

रसुवाको टिमुरेदेखि नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन, नवलपरासी पूर्व र नवलपरासी पश्चिमका प्रभावित क्षेत्रमा आठ हजार ९०० भन्दा बढी फौज परिचालित भएका छन् ।

सुरक्षा फौजले घाइतेको खोज तथा उद्धार, शव व्यवस्थापनमा सहयोग, अवरुद्ध सडक सञ्चालन एवम् आपत्कालीन उपचारलाई जारी राखेका छन् । हालसम्म करिब २३ हजार १९४ किलो राहत सामग्री धुन्चेलगायत प्रभावित इलाकामा हेलिकप्टरबाट ढुवानी गरिएको सेनाले जनाएको छ ।

यही भदौ १० देखि सोमबारसम्म सेनाले ३३८ विदेशीसहित कुल तीन हजार ५९६ जनाको उद्धार गरेको छ । *रासस*

# पहिरोबाट विभिन्न स्थानका सडक अवरुद्ध

काठमाडौँ, १५ भदौ । भोटेकोसी बाढीका साथै अविरल वर्षाका कारण पहिरो खस्दा विभिन्न राजमार्ग अवरुद्ध भएका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार पृथ्वीराजमार्गअन्तर्गत बेनिघाट रोराङ गाउँपालिका-७ कृष्णभिरस्थित त्रिशुली नदीले कटान गर्दा सडक भासिन गई मानिससमेत आवतजावत गर्न नसक्ने गरी पूर्ण रूपमा अवरुद्ध भएको छ ।

त्यसैगरी धादिङको गजुरी गाउँपालिका-२ स्थित परेवाभिरमा पनि बाढीको कारण सडकको तल्लो भाग भासिएको कारणले पूर्ण रूपमा अवरुद्ध भएको छ । मुगुबाट गमगढी आउने सडक पनि अविरल वर्षाको कारणले अवरुद्ध छ । त्यसैगरी, ओखलढुङ्गास्थित सिद्धिचरण लोकमार्गअन्तर्गतको मानेभञ्ज्याङ गाउँपालिका वडा नम्बर ६ र ७ लाई जोड्ने सडक पनि अवरुद्ध छ । त्यसैगरी लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ श्रीचौरस्थित बेँसीसहर मनाङ सडक पनि पूर्ण रूपमा अवरुद्ध रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । *रासस*

। सम्पादकीय ।

# सरकारी सूचना व्यक्तिगत लाभमा प्रयोग !

सरकारका अधिकारीहरूबाट जनतालाई दिइने सन्देश र सूचना सरकारी निकायको आधिकारिक संयन्त्रबाट प्रसारण हुनु वैध हो । संसारका केही देशका निजी कम्पनीहरूले सामाजिक सञ्जाल विकास गरेपछि त्यसको प्रभावमा परेका कतिपय शासकहरू र सरकारी अधिकारीहरू सरकारको औपचारिक सन्देश र सूचनासमेत व्यक्तिगत सामाजिक सञ्जालमार्फत प्रसारित गरी लाभ लिनेमा लागेको सार्वजनिक भयो ।

सरकारी अधिकारीहरूले सरकारी सूचना र सन्देश प्रसारणमा व्यक्तिगत लाभ लिनु पनि अख्तियारको दुरूपयोग नै हो । सरकारी बजेटको कर दर परिवर्तन होस् वा यतिखेर रसुवा, धादिङ, नुवाकोटका विनाशकारी भेलबाढी पीडितको उद्धारमा होस् सरकारी अधिकारीहरू सरकारी सूचनालाई व्यक्तिगत सञ्जालमार्फत प्रसारण गरी लाभ लिइरहेको सार्वजनिक भयो । देश र जनताप्रति नि:स्वार्थ सेवामा समर्पित हुन नसक्नेहरू सरकार वा सार्वजनिक पदमा बस्नु उपयुक्त हुँदैन । सरकारी वा सार्वजनिक पदको जिम्मेवारीमा बस्दा त्याग, तपस्या र बलिदानको भावना हुनु जरुरी हुन्छ ।

भेलबाढी पीडित जनताको लागि नेकाले १ करोड रूपैयाँ, एमालेले राजधानी कमिटीको १० लाख रूपैयाँ, उपत्यका कमिटीको १० लाख रूपैयाँ, प्रवासी नेपाली मञ्चको २० लाख रूपैयाँ गरी ४० लाख रूपैयाँ र नेकपा (तत्कालीन माओवादी) ले २५ लाख रूपैयाँ सरकारी कोषमा जम्मा गरेको पनि सार्वजनिक भयो । बहुदलीय व्यवस्था पुन:स्थापनायता ३५ वर्ष नेका, एमाले र नेकपाले नै क्रमश: सरकारको लामो अवधि नेतृत्व गरेका थिए । यो अवधिको उत्तरार्धमा रास्वपासमेत पुराना दलसँग मिलेर २ पटक उपप्रधानमन्त्रीसहित सरकारमा पुगेको थियो । यतिबेला रास्वपाको झण्डै दुईतिहाइ बहुमतको सरकार छ ।

उद्योगी-व्यापारीहरूअनुसार सरकारमा गएका दलहरू आर्थिकरूपले आफूहरूभन्दा बढी सम्पन्न भएको दाबी गरेको पनि सार्वजनिक भएको थियो । शासक दलहरू यति धेरै सम्पन्न भएकै कारण निर्वाचनमा बढी स्थान ल्याएर सरकारमा पालैपालो पुगेका हुन् कि ? यो प्रश्नको जवाफ खोजीको विषय बनेको छ ।

पुर्खाले नदी किनारमा खेतबारी लगाउनु र डाँडाको टुप्पामा घरबास बसाल्नुजस्ता संस्कृतिलाई नेपालका शासकहरूले पाठको रूपमा नलिएको हुँदा नेपाली जनता बरोबर विपद्मा परिरहेका हुन् । भोटेकोशीको भेलबाढी नदीको सातसय मिटर वरिपरिसम्म फैलिएको हुँदा शासकहरूले अबउप्रान्त बस्ती कहाँ कसरी बसाल्ने शिक्षा लिनैपर्दछ । किनभने, बाढी उद्गमस्थल बनेको भोटेकोशी उत्तरपूर्वको नेपाल-चीन सीमाको ल्हेन्दे खोलामा तालको पानी फुट्ने खतरा अझै उच्च रहेको वैज्ञानिक मत बाहिरिएको छ । नेपालस्थित चिनियाँ दूतावासले भदौ १२ गते शुक्रबार वक्तव्य जारी गर्दै नदीको पानीको स्तरमा हुने परिवर्तनलाई दुवै देशले नजिकबाट निगरानी गर्न जरुरी भएको उल्लेख गऱ्यो । यसतर्फ नेपालका सरकारी अधिकारीहरूको ध्यानाकर्षण हुनु जरुरी छ ।

# अन्तर्राष्ट्रिय अदालतलाई किन बेवास्ता गर्छ अमेरिका ?

✍ एरिक आल्टर

अमेरिकी पूर्वराष्ट्रपति जो बाइडेनले आफू पदमा रहँदा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध मुद्दा चलाउने उद्देश्यले रुसका युद्ध अपराधसम्बन्धी प्रमाण अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) लाई उपलब्ध गराउन आफ्ना गुप्तचर निकायलाई निर्देशन दिए । उक्त कदम विगतको अभ्यासभन्दा बिल्कुलै भिन्न थियो । किनकि अमेरिकाले 'रोम विधान' (जसअन्तर्गत आइसिसी स्थापना भएको थियो) लाई अनुमोदन नगरेका देशका नागरिकमाथि आइसिसीले क्षेत्राधिकार प्रयोग गर्न नसक्ने अडान राख्दै आएको थियो । उल्लेखनीय पक्ष यो हो कि रुस र अमेरिका दुवैले रोम विधानलाई अनुमोदन गरेका छैनन् ।




तर, नोभेम्बर २०२४ मा जब आइसिसीले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र उनका पूर्वरक्षामन्त्री योभ ग्यालेन्टविरुद्ध पक्राउपुर्जी जारी गऱ्यो, तब बाइडेनको अडान बदलियो । पक्राउपुर्जीको निर्णय 'आपत्तिजनक' थियो र अमेरिका सधैँ आफ्नो सहयोगी इजरायलको पक्षमा उभिने बाइडेनले घोषणा गरे । स्मरण रहोस्, इजरायल पनि 'रोम विधान' को पक्षधर राष्ट्र भने होइन ।

बाइडेनका उत्तराधिकारी डोनाल्ड ट्रम्पले आइसिसीका अधिकारीहरूमाथि प्रतिबन्ध लगाउने र उनीहरूको सम्पत्ति रोक्का गर्नेसम्मका कदम चालेर यस मामिलालाई अझ निर्मम बनाए । अगस्ट २०२५ मा, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले उक्त अदालतलाई 'कानुनी लडाइँको हतियार' भएको आरोप लगाए । डिसेम्बरसम्ममा आइसिसीका ११ जना न्यायाधीश र अभियोजकहरू अमेरिकी प्रतिबन्धको दायरामा परिसकेका थिए । त्यसपछि, जुलाईको मध्यतिर, अमेरिकी विदेश मन्त्रालयले उक्त अदालतलाई नै विघटन गर्ने उद्देश्यले एउटा अभियान सुरु गऱ्यो ।

शत्रुविरुद्धको कारबाहीमा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) माथि भरोसा गर्ने, तर मित्रराष्ट्रका हकमा उल्टै न्यायाधीशको कार्यविरुद्ध प्रश्न उठाउने अमेरिकी द्वैध चरित्रले स्वतन्त्र न्यायिक निकायको मर्ममाथि चोट पुगेको छ । अमेरिकी व्यवहारले 'रोम विधान' को 'पूरकताको सिद्धान्त' लाई बेवास्ता गर्छ । आइसिसी एउटा अन्तिम विकल्पको अदालत हो, जसले तब मात्र हस्तक्षेप गर्छ जब कुनै राष्ट्रिय सरकारले युद्ध, अपराध र मानवताविरुद्धका अपराधहरूको निष्पक्ष तथा इमानदारिताका साथ अनुसन्धान गर्न असफल हुन्छ । प्यालेस्टाइन राष्ट्र होइन भनी इजरायलले क्षेत्राधिकारमाथि उठाएको आपत्तिले समस्या समाधानको व्यावहारिक बाटोलाई ओझेलमा पार्छ । त्यो बाटो भनेको आइसिसीका अभियोजकद्वारा आरोपित अपराधहरूको वास्तविक अनुसन्धान नै हो ।

इजरायल र अमेरिकाले आइसिसीका अधिकारीहरूलाई निसानामा पारे । तर, यस्तो अवहेलना वा तिरस्कारले खासै अर्थ राख्दैन । आइसिसीले पक्राउपुर्जी जारी गर्नुको अर्थ अभियुक्तलाई तत्काल पक्राउ गर्नु भन्ने होइन । किनकि उनीहरूसँग गिरफ्तारी गर्ने प्रहरीको अधिकार हुँदैन । बरु, यसको प्रभाव यस कुरामा निहित छ कि पक्राउ आदेशले अभियोग लागेका व्यक्तिहरूलाई निश्चित व्यक्तिहरूसँग देखिन वा भेटघाट गर्नु जोखिमपूर्ण बनाइदिन्छ ।

उदाहरणका लागि, 'रोम विधान' अनुमोदन गरेका १२५ देशहरूमध्ये कुनैमा पनि पुटिन पक्राउ पर्ने जोखिम हुन्छ । तसर्थ, उनले सन् २०२३ मा दक्षिण अफ्रिकामा भएको ब्रिक्स शिखर सम्मेलनमा भिडियोमार्फत सहभागिता जनाउने निर्णय गरेका थिए । त्यसैगरी, नेतन्याहुविरुद्धको पक्राउ पुर्जीले उनलाई यो सोच्न बाध्य बनाउँछ कि यदि उनी कुनै देशको भ्रमणमा गए भने त्यहाँका सरकारले कारबाही गर्न सक्छन् ।

कसै-कसैले तर्क गर्न सक्छन् कि कानुनले केवल राजनीतिक शक्तिलाई प्रतिबिम्बित गर्छ । आइसिसीले अमेरिकी अधिकारीहरूलाई नभई पुटिनलाई निसाना बनाउँछ किनभने रुससँग सहयोगी राष्ट्रहरूको अभाव छ । यस दृष्टिकोणबाट हेर्दा, परिणाम वा सजाय केवल कमजोरहरूका लागि मात्र हुन्छ ।

वास्तवमा, शक्ति क्षणभङ्गुर हुन्छ । चिलीका पूर्वराष्ट्रपति भएकाले कानुनी उन्मुक्ति पाएका भए पनि १७ वर्षसम्म आतङ्कको शासन चलाएका जनरल अगस्टो पिनोचेलाई सन् १९९८ मा लन्डनको एक अस्पतालमा शल्यक्रियापछि स्वास्थ्यलाभ गरिरहेको अवस्थामा पक्राउ गरिएको थियो । पिनोचेको सुपुर्दगी प्रक्रिया अघि बढाउन एक स्पेनिस न्यायाधीशले 'यातनाविरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धि' को सहारा लिएका थिए । यद्यपि, पिनोचेले मुद्दाको सामना गर्नुपरेन र सन् २००६ मा उनको मृत्यु भयो । तर, उनको गिरफ्तारीले एक कानुनी नजिर स्थापित गऱ्यो । सन् २०१६ मा सेनेगलको एक अदालतले तिनै सिद्धान्तको प्रयोग गर्दै चाडका पूर्वतानाशाह हिसेन हाब्रेलाई आजीवन कारावासको सजाय सुनायो । त्यसैगरी, सर्बियाली पूर्वराष्ट्रपति स्लोबोदान मिलोसेभिचले पनि अन्तत: न्यायको सामना गर्नुपऱ्यो । युद्ध अपराधको मुद्दा चलिरहँदा हेगस्थित हिरासतमा नै उनको मृत्यु भयो ।

यी व्यक्तिहरू सत्ताबाट बाहिरिएपछि मात्र कानुनको दायरामा आए । पिनोचेले अवकाश लिइसकेका थिए भने हाब्रे निर्वासनमा थिए । मिलोसेभिचलाई सत्ताच्युत गरिएको थियो । पहिले नेताको पतन हुन्छ, अनि मात्र मुद्दा चल्छ । सत्ताले प्रदान गर्ने सुरक्षाले जवाफदेहितालाई केवल पर धकेल्ने काम मात्र गर्छ । सन् १९४५ पछि, अमेरिकाले यस्तो विश्व व्यवस्था स्थापना गऱ्यो जसमा विवादहरूको निरूपण प्राय: अमेरिकाको प्रभाव वा नियन्त्रणमा रहेका संस्थाहरूद्वारा गरिँदै आएको छ ।

यस्तो प्रभुत्वलाई चुनौती दिनपछि गएर अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) र अन्तर्राष्ट्रिय न्यायालय (आइसिजे) जस्ता जवाफदेहिता संयन्त्रहरू स्थापना गरिए । अब कम प्रभाव भएको मुलुकको न्यायाधीशले पनि शक्तिशाली सरकारको अनुमतिविना नै त्यसको विरोध गर्न सक्छ । उदाहरणका लागि, डिसेम्बर २०२३ मा दक्षिण अफ्रिकाले गाजामा इजरायलको गतिविधिलाई लिएर आइसिजेमा नरसंहारको आरोप लगायो, त्यसको एक महिनापछि आइसिजेले अन्तरिम आदेश जारी गऱ्यो ।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावलाई जस्तै अमेरिकाले आइसिसी र आइसिजेका निर्णयहरूलाई 'भिटो' प्रदान (अस्वीकार) गर्न सक्दैन । यसले गर्दा अमेरिकासामु दुईवटा विकल्प रहन्छन् : या त प्रणालीमा सामेल भएर भित्रैबाट प्रभाव पार्ने वा यी अदालतहरूको बहिष्कार गरेर निर्णय प्रक्रियामा आफ्नो कुनै भूमिका नराख्ने । अमेरिकाले पछिल्लो विकल्प रोजेको छ । यसले अन्तर्राष्ट्रिय कानुनको प्रगतिलाई रोक्दैन, बरु निर्णय लिने वा कानुनको दिशा तय गर्ने अधिकार अन्य मुलुकहरूको हातमा सुम्पिन्छ ।

पुटिनलाई कानुनी कठघरामा उभ्याउन अमेरिकालाई आफ्नो नियन्त्रणभन्दा बाहिर रहेको र विश्वस्तरमा सम्मानित अदालतको साथ वा प्रभाव आवश्यक थियो । तर अहिले, एउटा सहयोगी राष्ट्रको बचाउ गर्ने नाममा अमेरिका त्यही अदालतको प्रतिष्ठामा आँच पुऱ्याउने प्रयास गर्दै छ । साथै, विश्व प्रतिस्पर्धात्मक गुटहरूमा विभाजित भइरहेको र नियम कसले तय गर्ने भन्ने प्रश्न पहिलोपटक खुला बहसको विषय बनेको यस घडीमा उसले सैद्धान्तिक रूपमै अन्तर्राष्ट्रिय कानुनलाई अस्वीकार गरिरहेको छ ।

पिनोचेले आफू लन्डनमा कानुनको पहुँचभन्दा बाहिर रहेको ठान्थे, तर उनको त्यो बुझाइ गलत साबित भयो । अमेरिकाले पनि निकै ठुलो स्तरमा त्यस्तै दाउ लगाइरहेको छ । अर्थात्, आफूले निर्माण गर्न सघाएका अन्तर्राष्ट्रिय कानुनहरू कहिल्यै पनि आफ्नै विरुद्ध प्रयोग हुन सक्दैनन् भन्ने उसको विश्वास छ ।

***(अबुधाबीस्थित 'अनवर गर्गास डिप्लोम्याटिक एकेडेमी' का डिन तथा' काउन्सिल अन फरेन रिलेसन्स' का सदस्य आल्टरको आलेख प्रोजेक्ट सिन्डिकेटबाट सुभाष शर्माले अनुवाद गरेका हुन् ।)***

# विश्वविख्यात नेता होचि मिन्हबाट के सिक्ने ?

**पृष्ठभूमि**

बीसौँ शताब्दीको विश्व राजनीतिक परिदृश्यमा होचि मिन्हको उदय एक राष्ट्रिय मुक्तियोद्धाका रूपमा मात्र भएको थिएन । उनी मूलत: द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको वैज्ञानिक धरातलमा उभिएर साम्राज्यवाद र सामन्तवादविरुद्ध लड्ने महान् मार्क्सवादी-लेनिनवादी रणनीतिकार थिए ।

सन् १८९० मे १९ मा भियतनामको न्गे आन प्रान्तको एक सामान्य परिवारमा जन्मिएका गुयन सिन्ह कुङ (पछि होचि मिन्ह) ले बाल्यकालदेखि नै फ्रान्सेली औपनिवेशिक शासनको क्रूर, अमानवीय र दोहनकारी चरित्रलाई नजिकबाट नियालेका थिए । तत्कालीन भियतनाम एकातर्फ हजारौँ वर्ष पुरानो सामन्ती उत्पादन सम्बन्धको बन्धक थियो भने अर्कातर्फ फ्रान्सेली औद्योगिक पुँजीवादको प्रत्यक्ष औपनिवेशिक लुट र शोषणको सिकार बनिरहेको थियो । किसानहरूमाथि लादिएको चर्को कर, जमिनदारहरूको अत्याचार र फ्रान्सेली पुँजीपतिहरूले प्राकृतिक स्रोतहरूमाथि गरेको अन्धाधुन्ध दोहनले गर्दा बहुसङ्ख्यक श्रमजीवीवर्ग चरम गरिबी, भोकमरी र दासतामा बाँच्न बाध्य थिए ।

समाजको यो वस्तुगत अन्तर्विरोधले युवा होचि मिन्हलाई भावुक विद्रोही मात्र बनाएन, बरु समस्याको वैज्ञानिक जरो पहिल्याउन विश्वव्यापी खोजतर्फ डोऱ्यायो ।

**विश्वव्यापी सर्वहारा सम्पर्क**

आफ्नो देशलाई औपनिवेशिक दासताको साङलोबाट मुक्त गर्ने ठोस वैचारिक मार्गको खोजीमा होचि मिन्हले सन् १९११ मा एक फ्रान्सेली जहाजमा भान्सेको सहायक मजदुरका रूपमा काम गर्दै देश छोडे । झन्डै तीन दशक लामो प्रवास र विश्व भ्रमणको क्रममा उनले फ्रान्स, बेलायत, संयुक्त राज्य अमेरिका, सोभियत सङ्घ र चीन पुगेर पुँजीवादी व्यवस्थाको आन्तरिक सङ्कट, मजदुरवर्गमाथिको शोषण र औपनिवेशिक उत्पीडनको अन्तर्राष्ट्रिय जालोलाई प्रत्यक्ष देखे ।

सन् १९१९ को भर्साइल्स शान्ति सम्मेलनमा उनले भियतनामी जनताको आत्मनिर्णयको अधिकारका लागि पेस गरेको मागपत्रलाई पश्चिमा साम्राज्यवादी शक्तिहरूले ठाडै अस्वीकार गरिदिएपछि उनलाई पुँजीवादी 'लोकतन्त्र' को ढोँग र सीमाबारे स्पष्ट ज्ञान भयो । सन् १९२० मा लेनिनको 'औपनिवेशिक तथा राष्ट्रिय मुक्ति आन्दोलनसम्बन्धी प्रस्थापना' (Theses on National and Colonial Questions) अध्ययन गरेपछि उनी मार्क्सवाद-लेनिनवादतर्फ दृढतापूर्वक आकर्षित भए ।

उनले लेखेका थिए, "सुरुमा मलाई लेनिन र तेस्रो अन्तर्राष्ट्रियतर्फ तानेको कुरा साम्यवाद होइन, गहिरो देशभक्ति थियो तर लेनिनको सिद्धान्त पढेपछि मैले बुझेँ कि राष्ट्रिय मुक्ति र समाजवाद एकअर्काबाट अलग हुन सक्दैनन् ।" सोही वर्ष उनी फ्रान्सेली कम्युनिस्ट पार्टीको संस्थापक सदस्य बने र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा औपनिवेशिक देशका जनताको मुक्तिको मुद्दालाई सशक्त रूपमा स्थापित गरे ।

**अग्रदस्ता पार्टी निर्माण**

सोभियत सङ्घ र चीनमा सङ्गठन र सिद्धान्तको थप अनुभव बटुलिसकेपछि होचि मिन्हले भियतनाममा छरिएर रहेका विभिन्न कम्युनिस्ट समूहहरूलाई एकीकृत गर्ने ऐतिहासिक पहलकदमी लिए । सन् १९३० मा उनले हङकङमा एक गुप्त भेला आयोजना गरी भियतनामी कम्युनिस्ट पार्टी (पछि इन्डोचाइनिज कम्युनिस्ट पार्टी) को स्थापना गरे ।

लेनिनवादी सङ्गठनात्मक ढाँचामा आधारित यो अग्रदस्ता पार्टी नै पछि गएर भियतनामी क्रान्तिको मुख्य चालक शक्ति बन्यो । सन् १९४१ मा लामो प्रवासपछि स्वदेश फर्केर उनले 'भियत मिन्ह' (भियतनाम स्वतन्त्रता लिग) नामक व्यापक संयुक्त मोर्चा गठन गरे, जसले मजदुर, किसान, देशभक्त, बुद्धिजीवी, साना पुँजीपति र उत्पीडित समुदायलाई एउटै झण्डामुनि गोलबद्ध गऱ्यो ।

सन् १९४५ मा दोस्रो विश्वयुद्धको अन्त्यतिर जापानी साम्राज्यवादी कब्जा र फ्रान्सेली औपनिवेशिक शासन दुवै कमजोर भएको अनुकूल परिस्थितिमा भियत मिन्हले देशव्यापी 'अगस्ट क्रान्ति' सम्पन्न गऱ्यो । सन् १९४५ सेप्टेम्बर २ का दिन हनोईको बा दिन्ह चोकमा हजारौँ जनताका अगाडि होचि मिन्हले भियतनामलाई स्वतन्त्र गणतन्त्र घोषणा गरे ।

**मार्क्सवादको सिर्जनात्मक प्रयोग**

होचि मिन्हको वैचारिक श्रेष्ठता केमा थियो भने उनले मार्क्सवाद-लेनिनवादलाई युरोपेली औद्योगिक समाजमा लागू भएको ढाँचामा मात्र सीमित राखेनन्, बरु भियतनामको अर्ध-सामन्ती, कृषिप्रधान र औपनिवेशिक धरातलअनुसार सिर्जनात्मक रूपमा विकास गरे ।

औद्योगिक मजदुरवर्गको सङ्ख्या निकै न्यून रहेको देशमा उनले गरिब तथा सुकुमवासी



किसानवर्गलाई क्रान्तिको मुख्य सेना (Main Force) र सर्वहारावर्गलाई त्यसको राजनीतिक नेतृत्वदायी शक्तिका रूपमा परिभाषित गरे । उनले क्रान्तिका तीन प्रमुख शत्रुहरू साम्राज्यवाद, सामन्तवाद र दलाल पुँजीवादविरुद्ध स्पष्ट वर्गीय मोर्चाबन्दी गरे ।

माओ त्सेतुङको जनयुद्धको सिद्धान्तलाई भियतनामको भूगोल र जनआकाङ्क्षासँग जोड्दै उनले 'दीर्घकालीन जनयुद्ध' को सैन्य नीति लागू गरे । यस नीतिअनुसार सेना लड्ने साधन मात्र थिएन, त्यो जनतासँग एकाकार भएर उत्पादन गर्ने, सङ्गठन गर्ने र राजनीतिक चेतना जगाउने औजार थियो ।

**साम्राज्यवादविरुद्धको सशस्त्र प्रतिरोध**

स्वतन्त्रता घोषणापछि पनि फ्रान्सले पुन: भियतनाम कब्जा गर्ने दुस्साहस गऱ्यो, जसको विरुद्ध भियतनामी जनताले नौ वर्ष लामो कठोर गुरिल्ला युद्ध लडे । सन् १९५४ को ऐतिहासिक 'दिएन बिएन फु' (Dien Bien Phu) को युद्धमा जनरल भो गुयन गियापको प्रत्यक्ष नेतृत्व र होचि मिन्हको रणनीतिक मार्गदर्शनमा भियतनामी सेनाले फ्रान्सेली साम्राज्यवादी सेनालाई पूर्ण रूपमा परास्त गऱ्यो । यस विजयले विश्वभरका औपनिवेशिक आन्दोलनहरूलाई अभूतपूर्व ऊर्जा प्रदान गऱ्यो ।

तर, जेनेभा सम्झौतापछि भियतनाम उत्तर र दक्षिणमा विभाजित भयो र दक्षिणमा अमेरिकी साम्राज्यवादले आफ्नो कठपुतली सरकार खडा गऱ्यो ।

त्यसपछिका वर्षहरूमा उत्तर भियतनाममा समाजवादको निर्माण गर्दै दक्षिणको मुक्तिका लागि अमेरिकी सेना, अत्याधुनिक हतियार, रासायनिक बम (एजेन्ट ओरेन्ज) र घातक आक्रमणका विरुद्ध भियतनामी जनताले लडेको प्रतिरोध युद्ध विश्वकै इतिहासमा अनुपम मानिन्छ । होचि मिन्हले अमेरिकी शक्तिको अगाडि सम्झौताहीन अडान लिँदै घोषणा गरेका थिए, "स्वतन्त्रता र स्वाधीनताभन्दा मूल्यवान् केही छैन ।" सन् १९६९ मा उनको निधन भए तापनि उनकै वैचारिक मार्गदर्शनमा सन् १९७५ मा अमेरिकी सेना पूर्ण रूपमा पराजित भई भियतनाम एकीकृत भयो ।

**सर्वहारा संस्कृति र नैतिकता**

कम्युनिस्ट आन्दोलन र समाजवादी सत्ताभित्र प्राय: देखिने नोकरशाही विकृति, बुर्जुवा व्यक्तिवाद र पदलोलुपताका विरुद्ध होचि मिन्हले कठोर सांस्कृतिक रूपान्तरणको नमुना प्रस्तुत गरे । देशको सर्वोच्च राष्ट्रपति भइसक्दा पनि उनले फ्रान्सेली गभर्नरको भव्य दरबारमा बस्न अस्वीकार गरे र परिसरकै एउटा सामान्य काठको झुपडीमा सादा जीवन बिताए । उनीसँग केवल दुई जोर साधारण कपडा र पुराना गाडीका टायरबाट बनेका रबरका चप्पल हुन्थे ।

उनले कम्युनिस्ट कार्यकर्ताहरूलाई पुँजीवादी विलासिता र उपभोक्तावादी संस्कारबाट जोगाउन चार आधारभूत सर्वहारा नैतिक गुणहरू - परिश्रम, मितव्ययिता, इमानदारी र निष्पक्षतालाई अनिवार्य बनाए । उनले राज्यसत्तालाई जनतामाथि शासन गर्ने औजार नभई सर्वहारावर्गको नि:स्वार्थ सेवा गर्ने साधनका रूपमा स्थापित गरे ।

**आर्थिक र सामाजिक रूपान्तरण**

होचि मिन्हले उत्तर भियतनाममा समाजवाद निर्माण गर्दा उत्पादनका साधनहरूको सामाजिकीकरण र भूमिसुधारलाई पहिलो प्राथमिकतामा राखे । सामन्त र दलालहरूको जमिन खोसेर वास्तविक जोत्ने गरिब किसानहरूलाई वितरण गरियो । सहकारी खेती प्रणालीको विकास, आधारभूत उद्योगहरूको स्थापना, नि:शुल्क शिक्षा र स्वास्थ्य सेवाको विस्तारमार्फत समाजवादी अर्थतन्त्रको बलियो आधार तयार गरियो ।

महिलाहरूलाई उत्पादन र युद्ध दुवै मोर्चामा समान अधिकार र नेतृत्व दिइयो । युद्धको विनाशकारी अवस्थामा पनि जनताको जीवनस्तर, साक्षरता र सांस्कृतिक चेतनालाई उकास्न उनले चलाएको अभियानले समाजवादी व्यवस्थाको जनमुखी चरित्रलाई व्यवहारमै प्रमाणित गऱ्यो ।

**कम्युनिस्ट आन्दोलनलाई मार्गदर्शन**

समकालीन विश्व कम्युनिस्ट आन्दोलनका लागि होचि मिन्हको विचार र कार्यशैली एक सशक्त दिशाबोध हो । आज धेरैजसो कम्युनिस्ट पार्टीहरू संसद्वादी दलदल, अवसरवाद, सैद्धान्तिक विचलन र विलासी जीवनशैलीमा फसेर जनताबाट विमुख भइरहेका छन् ।

यस्तो अवस्थामा सिद्धान्त र व्यवहारबिचको पूर्ण तालमेल, भुइँमान्छेको वर्गीय मुद्दामा आधारित सङ्गठन निर्माण र सामूहिक नेतृत्व प्रणालीको अभ्यास कसरी गर्ने भन्ने कुरा होचि मिन्हबाट सिक्न सकिन्छ । क्रान्तिकारी भाषण गरेर होइन, सर्वहारा जीवनशैली र निष्कलङ्क आचरणमार्फत मात्र जनताको विश्वास जित्न सकिन्छ भन्ने उनको सन्देश आज झन् सान्दर्भिक बनेको छ ।

**ऐतिहासिक शिक्षा**

निष्कर्ष: होचि मिन्ह बीसौँ शताब्दीका त्यस्ता महान् मार्क्सवादी नेता हुन्, जसले द्वन्द्वात्मक भौतिकवादको वैज्ञानिक हतियार प्रयोग गरेर विश्वका दुई शक्तिशाली साम्राज्यवादी महाशक्तिहरूलाई परास्त गर्न सकिन्छ भन्ने ऐतिहासिक तथ्य प्रमाणित गरिदिए । उनको जीवनले सिकाउँछ कि क्रान्ति कुनै कोरा नारा होइन, यो ठोस परिस्थितिको ठोस विश्लेषण, व्यापक जनएकता, अटुट वर्गीय निष्ठा र उच्च नैतिक चरित्रको जीवन्त अभ्यास हो ।

जबसम्म विश्वमा पुँजीवादी दोहन, साम्राज्यवादी थिचोमिचो र वर्गीय असमानता रहिरहनेछ, तबसम्म होचि मिन्हको क्रान्तिकारी विचार, सर्वहारा संस्कृति र वैज्ञानिक समाजवादप्रतिको समर्पण सम्पूर्ण न्यायप्रेमी र श्रमजीवीवर्गका लागि अनन्त प्रेरणाको स्रोत बनिरहनेछ ।

# सैद्धान्तिक विचलन र राजनीतिक अपरिपक्वताले देश विकासमा बाधा

✍ दानबहादुर कपाली

कुनै पनि राजनीतिक दललाई चिन्ने आधार त्यो दलको सिद्धान्त र विचार नै हो । दलको सिद्धान्त र विचारलाई व्यवहारमा लागू गर्न अघि बढेको छ कि छैन त्यो अर्को महत्त्वपूर्ण पाटो हो । सरकारमा रहेको होस् या नरहेको दलको सिद्धान्त र विचार नै स्पष्ट छैन; त्यो दलको मार्गनिर्देशक सिद्धान्त इङ्गित गरिएको छैन भने जनताले केको आधारमा राजनीतिक दललाई विश्वास गर्ने ? कुनै दलको स्पष्ट सिद्धान्त र विचार छैन भने त्यो दलले न देशको नेतृत्व राम्ररी गर्न सक्छ न त पार्टीलाई नै सही दिशामा अघि बढाउन सक्छ । राजनीतिक दलको स्पष्ट दृष्टिकोण नहुँदा, दृष्टिकोणलाई व्यवहारमा लागू नगर्दा र सैद्धान्तिक रूपले विचलन भएको कारण निर्वाचनमा जितेको राजनीतिक दलले देशको विकासलाई उचाइमा पुऱ्याउन नसकेको हो; बहुमत जनताको सेवा गर्न ऐन कानुन बनाउनेतर्फ ध्यान दिन नसकेको हो । जुनसुकै दलको नेतृत्वमा सरकार बने पनि जनताको विश्वास नभएको हो या सरकारप्रति जनताको विश्वास नभएको हो । सत्तासीन दलहरूमा देखिएको सैद्धान्तिक विचलन, सिद्धान्त एउटा र व्यवहार अर्को तथा सिद्धान्तअनुसार राजनीति नगर्दाको कारण देशमा जहिल्यै अन्योल, अस्पष्टता छाएको हो । सत्तासीन दलकै नेता र मन्त्रीहरूबिच मतभेद, द्वन्द्व र असमझदारी बढेको हो ।

नेपालको आवश्यकता र नेपाली जनताको चाहनाअनुसार सरकारले काम गर्न नसक्नुको अर्को मूल कारण विदेशी घुसपैठ पनि हो । कहिले विकास योजना, कहिले आर्थिक सहयोग र कहिले विभिन्न असमान सन्धि सम्झौताको कारण विदेशी, विदेशी दलालहरू घुसेको विश्वका विभिन्न देशमा घटेका घटनाले पनि सङ्केत गर्छ । यही भएरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनहरू यहाँ पसे । विकासको नारा भजाउँदै स्वदेशीको भन्दा विदेशीको बढी प्रचार भयो । विदेशी सहयोग र साथबिना नेपाल र नेपालीले केही गर्न नसक्ने भन्दै नेपाल र नेपालीलाई लात मार्ने काम भयो र विदेशी र विदेशी दलालको पक्षपोषण भयो । प्रजातन्त्र स्थापना भएको दशकौँ बितिसके पनि देशमा प्रजातन्त्र, न्याय, स्वतन्त्रता र सुरक्षा भएको अनुभूति भएन । देशमा आएको थोर बहुत परिवर्तन त ठुला दलहरूको निम्ति रजाइँ गर्ने भऱ्याङ साबित भयो । विदेशी सहयोग र साथमा विकास गर्ने मेसो बोकेकैले नेपाल अझै विदेशीहरूको भरमा बस्नुपरेको हो; सरकार सत्तासीन दलका नेता, मन्त्रीहरू विदेशीको इसारा या उठबसमा बस्न बाध्य भएका हुन् ।

विदेशी शक्ति राष्ट्रहरूले नेपाल सरकारको कमजोरीमाथि फाइदा उठाइरहेका छन् । विदेशी सहयोग र आर्थिक सहयोग गरेपछि जस्तो सुकै असमान सन्धि सम्झौता गर्न पनि नेपालका सरकारहरू पछि पर्दैनन् । विदेशी शक्ति राष्ट्रहरूको दबाब, लोभलालचमा परेकै कारण नेपालका धेरै प्राकृतिक स्रोत र साधन भारतको अधीनमा गएको हो । कति उद्योग र कलेजहरूसमेत विदेशी कम्पनी या संस्थाले चलाउन थालेका छन् । विदेशी घुसपैठ, विदेशी प्रभावले नेपाल र नेपालीको कहिले पनि भलो हुँदैन; भलो भएको छैन । विदेशी शक्ति राष्ट्रको उठबसमा चलेको सरकारले देशलाई कहिल्यै आत्मनिर्भर बनाउनेतर्फ चासो राख्दैन; राखेको देखिँदैन ।

दल र सरकार चलाउने नेता र मन्त्रीहरूमा राजनीतिक परिपक्वता पनि अपरिहार्य छ । राजनीतिक अपरिपक्वताले पनि देशको मार्ग कोर्न सकिँदैन । उनीहरूले न देशको आवश्यकता बुझ्छन् न त जनताका माग र आकाङ्क्षा नै बुझ्छन् । त्यस्ता व्यक्तिहरूले कसरी देशको नेतृत्व गर्छन् ? युवाहरूको नेतृत्वमा बनेको सरकारले गरेका कति निर्णयहरू अल्पबुद्धिको आधारमा भएको देखिन्छ । त्यही कारण जनताको दबाब बढ्यो; विरोध भयो । जन दबाबकै कारण कति निर्णय सरकारलाई फिर्ता लिन बाध्य भयो । कति निर्णय सर्वोच्च अदालतले खारेज गऱ्यो । सतही राजनीति गर्ने सत्तासीन दलका प्रधानमन्त्रीको राजनीतिक अपरिपक्वताकै कारण महिनौँसम्म संसद् नै चलेन । प्रधानमन्त्रीको विरोध भइरह्यो । सरकारको अपरिपक्वताकै कारण सरकारको विरोधमा हरेक दिनझैँ कहीँ न कहीँ, आन्दोलन धर्ना, घेराउ, प्रदर्शन कहिल्यै खाली भएन । जनतामा व्यापक असन्तोष बढ्यो । सरकारको विरोध बढ्न थाल्यो । झन्डै दुईतिहाइ मत प्राप्त भएको सरकारको छोटो समयमै धेरै विरोध भएको जनता महसुस गर्दै छन् । सुरुका दिन जनतामा खुसी छाए पनि पछि बढ्दै गएको विरोध र असन्तोषले सरकारप्रति जनताको विश्वास गुम्दै गएको थाहा हुन्छ ।

सत्तासीन दलका नेता, मन्त्री र सांसदहरू देश र जनताप्रति जिम्मेवार हुनुपर्छ । सत्तासीन दलहरू देश र जनताप्रति जिम्मेवार नहुँदा, जिम्मेवारीबोध भएर काम नगर्दा देशको स्थिति भताभुङ्ग भएको राजनीतिक विश्लेषकहरूको भनाइ रहेको छ । सरकारको नेतृत्व गर्ने दल बहुमत जनताको पक्षमा छैन । सरकारको नेतृत्व गर्ने दलको विचार नै अल्पमतवर्गको पक्षमा छ भने उसले शेषित पीडित जनताको पक्षमा काम गर्दैन; ऐन कानुन बनाउँदैन । वास्तवमा राजनीति शोषित जनताको पक्षमा गर्नुपर्ने हो । जो गरिब छन्; जसको जीवन जसोतसो बितिरहेको छ, उनीहरूको जीवन जोहो गर्नेतर्फ सरकार केन्द्रित हुनुपर्ने हो । तर, हालसम्मका सरकारहरू गरिब जनताको काँधमा चढेर सत्तामा पुगेर रजाइँ गर्दै छन् । श्रमजीवीवर्गको मतबाट सरकारमा पुगेको दल उनीहरूकै अहितमा लागेको देखिन्छ । गरिब जनताको निम्ति सरकारले के सुविधा दिएको छ ? उल्टो उनीहरूको काँधमा महँगीको भार थपिएको छ ।

देश विकास नहुनुका अनेक कारणमध्ये राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था देशमा छ्यासछ्यासती पस्नु पनि हो । गैरसरकारी संस्थाकै माध्यमबाट नेपालमा चाल पाइकन या नपाइकन विदेशी गुप्तचर, विदेशी दलालहरू छिर्छन् । उनीहरूले देशको स्थितिबारे गहन अध्ययन गरी गुप्तचरी काम गरिरहेका हुन्छन् । गैरसरकारी संस्थाका सञ्चालनहरू कहिले पनि नेपाल र नेपाली जनताप्रति जिम्मेवार हुँदैनन् । विकास र आर्थिक सहयोगको सपना बोकेर, सपना बाँडेर नेपाल र नेपालीकै अहित या विरोधमा उनीहरू भ्रमको खेती गर्छन्; यहाँको गुह्य कुरा आफ्नो देशमा पुऱ्याउँछन् । त्यसैको आधारमा विदेशी तत्त्वहरूले यहाँ चलखेल गर्छन् । देशमा भएका ठुलठुला उपद्रोहरू विदेशी शक्ति राष्ट्र, गैरसरकारी सङ्घ संस्थाबाट भएको राजनीतिक विश्लेषण छ । यसको पछिल्लो दृष्टान्त गत भदौ २३ र २४ गते भएको तोडफोड र आगजनी हो । यी विभिन्न कारणले पनि देशको अवस्था जर्जर भइरहेको हो । विकासको गति उचाइमा नपुगेको हो ।

देश विकास नहुनुमा राजनीतिक कारण मात्र होइन बेलाबखत भइरहने प्राकृतिक प्रकोप, बाढी पहिरो, भूकम्प, कोरोना, डेङ्गुजस्ता अन्य पनि छन् । बाढी पहिरो र डुबानले खेतीपाती मात्र होइन जनधनको ठुलो नोक्सान पुऱ्याउँछ । हिम पहिरोको कारण ताल फुटेर आएको भेलले धेरै क्षति पुऱ्यायो । यसले पुऱ्याएको क्षतिको पुन:निर्माण गर्न खर्बौं रकम लाग्ने बताइएको छ । त्यो रकम देश विदेशबाट उठे पनि पुन: निर्माण कार्य कहिलेदेखि सुरु हुने हो र कहिले पूरा हुने हो ? कुनै निश्चित छैन । पुन:निर्माण कार्य सुरु नै भए पनि हालको स्थानमा गर्न नहुने कुरा भेलले बोध गराइसकेको छ । यस्तै यस्ता बिपत्तिले देशको विकासमा असर पुऱ्याउँछ र देश विकासमा बाधा पर्छ । अबको बस्ती या वासस्थान बाढी पहिरो, डुवान, खोला-नाला, तलाउ आदिबाट सुरक्षित हुने स्थान खोज्नुपर्छ । विगतको कमी कमजोरीबाट हामी सबैले पाठ सिक्नुपर्छ ।

# अमेरिकी आक्रमणको जवाफमा इरानद्वारा जोर्डनस्थित सैन्य अखडा लक्षित प्रहार



वासिङ्टन, ३१ अगस्ट (एएफपी) । इरानले सोमबार जोर्डनस्थित अमेरिकी सैन्य अखडालाई लक्षित गरी क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ । आफ्नो भूमिमा एक महिनापछि भएको पहिलो अमेरिकी आक्रमणको जवाफमा गरिएको यो कारबाहीले छ महिनादेखि जारी अमेरिका-इरान युद्धमा पुन: तनाव बढाएको छ ।

इरानको शक्तिशाली रिभोलुसनरी गार्ड्स (आइआरजीसी) ले जोर्डनमा रहेका दुई अमेरिकी हवाई अखडामा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरी ठूलो क्षति पुऱ्याएको दाबी गरेको छ । तर, जोर्डनको सेनाले आठवटा क्षेप्यास्त्रलाई बाटोमै निष्क्रिय पारेको जनाएको छ ।

अमेरिकाले आइतबार होर्मुज जलसन्धिमा रहेको एउटा सानो टापुमा इरानी रकेट प्रक्षेपण केन्द्रलाई लक्षित गरी आक्रमण गरेको थियो । अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) का अनुसार जलसन्धिमा कब्जा गरिबसेका इरानी रिभोलुसनरी गार्ड्सका समुद्री बारुदी सुरुङ बिछ्याउने फौजविरुद्ध सीमित र सटीक कारबाही गरिएको हो ।

अमेरिकी सेनाका अनुसार जलसन्धिको अन्तर्राष्ट्रिय जलमार्गबाट समुद्री बारुदी सुरुङ हटाउने काम गत साता पूरा गरिएको थियो । वासिङ्टनले इरानलाई थप बारुदी सुरुङ बिछ्याउनबाट रोक्ने उद्देश्यले पछिल्लो कारबाही गरेको जनाएको छ ।

इरानी गार्ड्सले अमेरिकी आक्रमणमा क्षति भएको र जोर्डनस्थित अमेरिकी सैन्य अखडामाथिको आक्रमण त्यसैको जवाफ भएको जनाएको छ ।

अमेरिका-इरान युद्ध छ महिना पुगेको र पछिल्ला दिनमा शत्रुतापूर्ण गतिविधि केही मत्थर भएको अवस्थामा पछिल्लो घटनाक्रम भएको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले हालैका सातामा इरानविरुद्ध सैन्य कारबाहीभन्दा आर्थिक दबाबलाई प्राथमिकता दिँदै आएको छ ।

यसैबिच, पाकिस्तान र कतारलगायतका मध्यस्थकर्ताले युद्ध अन्त्यका लागि कूटनीतिक प्रयास जारी राखेका छन् । अप्रिलमा युद्धविराम भए पनि त्यसयता स्थायी शान्ति सम्झौता हुन सकेको छैन ।

होर्मुज जलसन्धिमा जारी अवरोधका कारण विश्व बजारमा ऊर्जा आपूर्तिमा असर परेको छ । अमेरिकी आक्रमणको खबरपछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढ्दै ब्रेन्ट तेल प्रतिब्यारेल ९० डलर र वेस्ट टेक्सास इन्टरमिडियट ८५ डलरभन्दा माथि पुगेको छ ।

यस युद्धप्रति अमेरिकी जनतामा असन्तुष्टि बढिरहेका बेला आगामी नोभेम्बरमा हुने मध्यावधि निर्वाचनले राष्ट्रपति ट्रम्पको रिपब्लिकन पार्टीलाई चुनौती दिन सक्ने विश्लेषण गरिएको छ । सिनेटर ज्याक रीडले छ महिनाको युद्धपछि पनि कुनै उद्देश्य हासिल नभएको भन्दै ट्रम्प प्रशासनको आलोचना गर्नुभएको छ ।

# बालबालिकालाई सामाजिक सञ्जालबाट केही समय टाढा राख्दा मानसिक स्वास्थ्यमा लाभ : अध्ययन

सिड्नी, ३१ अगस्ट (सिन्हवा) । बालबालिकाले सामाजिक सञ्जाल प्रयोग गर्न सुरु गर्ने उमेर केही ढिला गराउँदा उनीहरूको मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पर्न सक्ने एक नयाँ अध्ययनले देखाएको छ ।

अस्ट्रेलियाको न्यु साउथ वेल्स विश्वविद्यालयले गरेको अध्ययनअनुसार कम उमेरमै सामाजिक सञ्जाल प्रयोग गर्न सुरु गर्ने किशोरकिशोरीमा चिन्ता र अवसादका लक्षण बढी देखिने गरेका छन् । यद्यपि, सामाजिक सञ्जालको खाता मात्र हुनु र मानसिक स्वास्थ्यसम्बन्धी समस्याबिचको सम्बन्ध तुलनात्मक रूपमा कमजोर रहेको पाइएको छ ।

अस्ट्रेलियामा १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने व्यवस्था लागू हुनुअघि गरिएको उक्त अध्ययनमा १० देखि १५ वर्ष उमेर समूहका किशोरकिशोरी र उनीहरूका एक-एक जना अभिभावक सहभागी थिए ।

अध्ययनमा सहभागीमध्ये करिब ७० प्रतिशतले आफूले सामाजिक सञ्जाल प्रयोग गरिसकेको बताएका थिए भने झन्डै आधासँग सामाजिक सञ्जालको खाता रहेको थियो । उनीहरूले औसतमा ११ वर्षको उमेरमा पहिलोपटक सामाजिक सञ्जाल प्रयोग गर्न थालेको पाइएको थियो ।

अध्ययनकी प्रमुख अनुसन्धानकर्ता तथा न्यु साउथ वेल्स विश्वविद्यालयकी सहप्राध्यापक सुजेन स्वाइजरले बालबालिकाको मानसिक स्वास्थ्यमा सामाजिक सञ्जालको खाता हुनु मात्रभन्दा उनीहरूले पहिलोपटक सामाजिक सञ्जाल प्रयोग गर्न थालेको उमेर बढी महत्त्वपूर्ण देखिएको बताउनुभएको छ ।

उहाँका अनुसार अध्ययनको यो निष्कर्ष केही हदसम्म अपेक्षाभन्दा फरक रहेको थियो ।

अध्ययनमा सहभागी १० देखि १५ वर्ष उमेर समूहका करिब एक चौथाइ बालबालिकाले प्रतिबन्ध लागू भएपछि सामाजिक सञ्जाल प्रयोग गर्न पूर्ण रूपमा बन्द गर्ने योजना बनाएको बताएका थिए । त्यस्तै, ३४ प्रतिशतले खाता नखोली सामाजिक सञ्जाल प्रयोग गर्ने र ३५ प्रतिशतले प्रतिबन्धलाई छल्दै आफ्नो खाता प्रयोगलाई निरन्तरता दिने उपाय खोज्ने बताएका थिए ।

अनुसन्धानकर्ताहरूका अनुसार बालबालिकालाई सामाजिक सञ्जालमा प्रवेश गर्न केही समय ढिलाइ गराउनु मानसिक स्वास्थ्य संरक्षणका लागि उपयोगी नीतिगत उपाय हुन सक्छ । यससँगै बालबालिकालाई सुरक्षित तथा स्वस्थ डिजिटल बानी विकास गर्न आवश्यक शिक्षा र मार्गदर्शन प्रदान गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुने अध्ययनले सुझाव दिएको छ ।

# प्रशान्त टापु मञ्चको शिखर सम्मेलनमा कम्तीमा पाँच नेता अनुपस्थित हुने

कोरोर, ३१ अगस्ट (एएफपी) । ताइवान-चीन तनावको पृष्ठभूमिमा प्रशान्त टापु मञ्चको वार्षिक शिखर सम्मेलन सुरु हुनुअघि कम्तीमा पाँच क्षेत्रीय नेता अनुपस्थित हुने भएका छन् । सम्मेलनमा जलवायु परिवर्तन, लागुऔषध अपराध, सुरक्षा तथा जुलाईमा प्रशान्त महासागरमा भएको चिनियाँ ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षणलगायत विषयमा छलफल हुने भएको छ ।

अठार सदस्यीय प्यासिफिक आइल्यान्ड्स फोरमको यस वर्षको सम्मेलन ताइवानको कूटनीतिक साझेदार पलाउले आयोजना गरेको हो । चीनको बढ्दो सुरक्षा तथा आर्थिक प्रभावका विषयमा समेत सम्मेलनमा विशेष चर्चा हुने अपेक्षा गरिएको छ ।

चीनले सहायता साझेदारका रूपमा ताइवानलाई आमन्त्रण गरिएकोमा आपत्ति जनाएको छ । स्वशासित ताइवानलाई आफ्नो भूभागको हिस्सा दाबी गर्दै आएको चीनले पलाउलाई चिनियाँ पर्यटकका लागि 'असुरक्षित' गन्तव्यसमेत घोषणा गरेको छ ।

पलाउका राष्ट्रपति सुरान्जेल ह्विप्सले प्रशान्त क्षेत्रलाई भू-राजनीतिक प्रतिस्पर्धाको अखडा बनाउन नहुने बताउनुभएको छ । उहाँले नवीकरणीय ऊर्जा, लागुऔषध अपराध, खाद्य सुरक्षा र जलवायु परिवर्तनजस्ता प्रशान्त टापु राष्ट्रका प्राथमिकताका विषय ओझेलमा पर्न नहुनेमा जोड दिनुभएको छ ।

सम्मेलनमा अनुपस्थित हुने नेताहरूको स्थानमा केही देशले तल्लो तहका मन्त्रीलाई पठाउने भएका छन् । सामोआको प्रतिनिधिमण्डलको नेतृत्व उपप्रधानमन्त्रीले गर्नुहुने भएको छ भने भानुअतुका प्रधानमन्त्री र फ्रान्सेली भूभाग न्यु क्यालेडोनियाका सरकार प्रमुख पनि अनुपस्थित हुने फोरमका अधिकारीले बताएका छन् ।


किरिबाटीका राष्ट्रपति यसअघि नै सम्मेलनमा सहभागी नहुने बताउनुभएको थियो । सोलोमन टापुका प्रधानमन्त्री म्याथ्यू वेल भने आफ्नो नेतृत्वविरुद्ध अविश्वास प्रस्ताव दर्ता भएपछि उत्पन्न राजनीतिक सङ्कट सामना गर्न आइतबार पलाउबाट स्वदेश फर्किनुभएको छ ।

फिजीको प्रतिनिधिमण्डलको नेतृत्व विदेशमन्त्रीले गर्नुहुने भएको छ । प्रधानमन्त्री सम्मेलनको पछिल्लो चरणमा सहभागी हुने वा नहुने स्पष्ट छैन ।

सिड्नीस्थित लोवी इन्स्टिच्युटका प्रशान्त क्षेत्रका विश्लेषक ओलिभर नोबेताउले नेताहरूको अनुपस्थितिले चिनियाँ क्षेप्यास्त्र परीक्षणलगायत विषयमा फोरमबाट संयुक्त तथा बलियो धारणा आउन कठिन हुने बताउनुभएको छ ।

यसैबिच, प्रशान्त क्षेत्रका विभिन्न टापुबाट आएका करिब ११० प्रहरीले सम्मेलनको सुरक्षा गर्ने भएका छन् । यो प्रशान्त क्षेत्रमा प्रहरीबिचको सहकार्यको पहिलो ठूलो स्तरको प्रदर्शन भएको अधिकारीहरूले बताएका छन् ।

# प्रशान्त महासागरमा 'करिना' तीव्र गतिमा शक्तिशाली आँधीमा परिणत हुँदै



मियामी, ३१ अगस्ट (एपी) । प्रशान्त महासागरमा विकसित 'करिना' आँधी आइतबार तीव्र गतिमा शक्तिशाली आँधीमा परिणत भएको छ । तटबाट निकै टाढा रहेको र त्यानो समुद्री पानीका कारण शक्ति बढाइरहेको यस आँधीबाट तत्काल जमिनमा कुनै खतरा नरहेको अमेरिकी मौसमविद्हरूले बताएका छन् ।

मियामीस्थित अमेरिकी राष्ट्रिय आँधी केन्द्रका अनुसार 'करिना' आइतबार बिहान ८० माइल प्रतिघण्टा (१३० किलोमिटर प्रतिघण्टा) को अधिकतम निरन्तर हावाको गतिसहित श्रेणी-१ को आँधी बनेको थियो । केही घण्टामै हावाको गति १२५ माइल प्रतिघण्टा (२०५ किलोमिटर प्रतिघण्टा) पुगेपछि यो श्रेणी-३ को शक्तिशाली आँधीमा परिणत भएको हो ।

कम्तीमा १११ माइल प्रतिघण्टा (१७८ किलोमिटर प्रतिघण्टा) को अधिकतम निरन्तर हावाको गति भएका आँधीलाई श्रेणी-३ वा सोभन्दा माथिको शक्तिशाली आँधी मानिन्छ । मौसमविद्हरूले आगामी एक-दुई दिनमा 'करिना' अझ शक्तिशाली बन्न सक्ने बताएका छन् ।

आइतबार 'करिना' मेक्सिकोको बाजा क्यालिफोर्निया प्राय:द्वीपको दक्षिणी छेउबाट करिब ९६० माइल (१,५४५ किलोमिटर) पश्चिम-दक्षिणपश्चिममा थियो । यो ९ माइल प्रतिघण्टा (१५ किलोमिटर प्रतिघण्टा) को गतिमा पश्चिमतर्फ अघि बढिरहेको र पूर्वानुमानअनुसार प्रशान्त महासागरको थप भित्री भागतर्फ जाने अपेक्षा गरिएको छ ।

आँधी केन्द्रका अनुसार 'करिना' जमिनबाट टाढै रहने सम्भावना रहे पनि यसबाट उत्पन्न ठूला छालले दक्षिणपश्चिमी मेक्सिको र बाजा क्यालिफोर्निया प्राय:द्वीपका तटीय क्षेत्रमा खतरनाक समुद्री छाल तथा 'रिप करेन्ट' निम्त्याउन सक्छ । हाल कुनै तटीय सतर्कता वा चेतावनी जारी गरिएको छैन ।

यसैबिच, प्रशान्त महासागरमा रहेको 'लोवेल' नामक उष्णकटिबन्धीय आँधी हवाईको हिलोबाट करिब ९८५ माइल (१,५८५ किलोमिटर) पूर्व-दक्षिणपूर्वमा थियो । यसको अधिकतम निरन्तर हावाको गति ५० माइल प्रतिघण्टा (८५ किलोमिटर प्रतिघण्टा) रहेको र तत्काल जमिनमा कुनै खतरा नरहेको मौसमविद्हरूले बताएका छन् । 'लोवेल' सोमबार राति वा मङ्गलबारसम्ममा शक्तिशाली आँधीमा परिणत हुन सक्ने पूर्वानुमान गरिएको छ ।

# जापानको औद्योगिक उत्पादनमा सामान्यमात्र वृद्धि

टोकियो, ३१ अगस्ट (सिन्हवा) । जापानको औद्योगिक उत्पादन जुलाईमा अघिल्लो महिनाको तुलनामा शून्य दशमलव एक प्रतिशतले बढेको सरकारी तथ्याङ्कले देखाएको छ । अर्धचालकसम्बन्धी उत्पादनमा वृद्धि भए पनि यातायात उपकरण उत्पादनमा आएको कमजोरीले समग्र वृद्धिलाई सीमित गरेको हो ।

जापानको अर्थतन्त्र, व्यापार तथा उद्योग मन्त्रालयले सोमबार सार्वजनिक गरेको प्रारम्भिक प्रतिवेदनअनुसार, जुन महिनाको औद्योगिक उत्पादन वृद्धि यसअघि अनुमान गरिएको एक दशमलव छ प्रतिशतबाट संशोधन गरी एक दशमलव नौ प्रतिशत कायम गरिएको छ ।

सन् २०२० लाई एक सयको आधार वर्ष मान्दा, कारखाना तथा खानीको मौसमी समायोजित उत्पादन सूचकांक जुलाईमा एक सय चार दशमलव सात पुगेको छ ।

प्रतिवेदनमा समेटिएका १५ मध्ये १० वटा औद्योगिक क्षेत्रको उत्पादन बढेको छ । अर्धचालक उत्पादन उपकरणको निर्यात बढेपछि उत्पादन मेसिनरी क्षेत्रमा उल्लेख्य सुधार देखिएको थियो ।

यसैबिच, मोटरवाहेकका यातायात उपकरण उत्पादन घटेको छ भने विद्युतीय मेसिनरी तथा सूचना तथा सञ्चारसम्बन्धी विद्युतीय उपकरणको उत्पादनमा कुनै परिवर्तन भएन ।

निर्माताहरूको सर्वेक्षणका आधारमा मन्त्रालयले अगस्टमा औद्योगिक उत्पादन ६ दशमलव ४ प्रतिशतले बढ्ने र सेप्टेम्बरमा ४ दशमलव २ प्रतिशतले घट्ने अनुमान गरेको छ ।

# महिनावारी रोकिनु (Menopause)

✍ रविना सुवाल

मेनोपज (महिनावारी रोकिनु) शब्द ग्रीक शब्दहरू ‘Meno’ र ‘Pause’ बाट आएको हो, जसको अर्थ क्रमश: ‘महिनावारी’ र रोकावट’ हुन्छ । मेनोपज भन्नाले महिलाको प्रजनन जीवनको अन्त्यमा महिनावारी स्थायी रूपमा बन्द हुनु हो । यो अण्डाशयको कार्यक्षमता घटेर महिनावारी रोकिने अवस्था हो ।

मेनोपजका चार चरणहरू हुन्छन् ।

**पहिलो चरण: प्रिमेनोपज**


मेनोपज हुनुभन्दा अघिको समय प्रिमेनोपज हो । साधारणतया यो चरण ४० वर्षभन्दा पहिले सुरु हुन्छ ।

**दोस्रो चरण: पेरीमेनोपज**

प्रजनन क्षमता अन्त्य हुने र मेनोपज पूरा हुने समयको बिचको अवस्था हो । यसलाई क्लाइमेक्टेरिक (Climacteric) पनि भनिन्छ ।

**तेस्रो चरण: मेनोपजल**

यो महिनावारी बन्द हुने अवस्था



हो ।

**चौथो चरण: पोस्ट- मेनोपजल**

लगातार १२ महिनासम्म महिनावारी नभए पछिको समय पोस्ट-मेनोपजल हो ।

**मेनोपज हुने उमेर**

मेनोपज हुने उमेर वंशानुगत रूपमा तय हुन्छ । सामान्यतया ४५ देखि ५५ वर्षबिचमा हुन्छ । औसत ५० वर्ष उमेरदेखि मेनोपज सुरु हुन्छ । यो उमेर पहिलो महिनावारी, अन्तिम गर्भ, गर्भ सङ्ख्या, स्तनपान, आर्थिक स्थिति, जात, उचाइ वा तौलसँग सम्बन्धित हुँदैन । तर धूमपान र कुपोषणले मेनोपजको अवस्था छिटो आउन सक्छ ।

**असामान्य मेनोपज (Abnormal Menopause)**

असामान्य मेनोपजका चार प्रकार छन् ।

१) Premature Menopause: यो समयभन्दा अगाडि हुने मेनोपज हो । यसमा मेनोपज ४० वर्षअघि नै सुरु हुन्छ ।

२) Delayed Menopause: ५५ वर्षपछि पनि मेनोपज नहुने अवस्था ।

३) Artificial Menopause: शल्यक्रियाद्वारा अण्डाशय हटाउँदा हुने मेनोपज ।

४) Radiation Menopause: विकिरणले अण्डाशयको कार्य रोकिने अवस्था ।

**मेनोपजका कारणहरू**

मेनोपजका मुख्य कारण अण्डाशयमा रहेका अण्डा सकिनु र हर्मोनबाट आवश्यक उत्तेजना नपाउनु हो । यसले गर्दा ओभेरियन फोलिकुलरको काम हराउँछ र इस्ट्रोजन हर्मोनको मात्रा घट्छ ।

**मेनोपजका लक्षणहरू**

- शरीर तातिनु
- राति पसिना आउने
- निद्रा नलाग्ने
- थकाइ र कमजोरी
- योनीभित्र सुख्खापन, सम्भोगमा दुखाइ
- यौन इच्छा घट्नु
- सेतो पानी बग्नु (Leucorrhea), पिसाब पोल्नु, बारम्बार सङ्क्रमण हुनु
- मानसिक तनाव, उदारी, रिस उठ्ने, टाउको दुख्ने
- ध्यान केन्द्रित गर्न नसक्नु

**परामर्श (Counselling)**

मेनोपजपछि हुने परिवर्तनहरूको बारेमा सबै महिलालाई स्पष्ट जानकारी दिनुपर्छ । यसले डर कम गर्छ र चिन्ता, उदासी, निद्रा नलाग्नेजस्ता समस्या घटाउँछ । महिलालाई आश्वासन दिनु आवश्यक हुन्छ ।

**उपचार (Treatment)**

मेनोपजको उपचार दुई प्रकारको हुन्छ ।

**१) हर्मोनबिनाको उपचार (Non-Hormonal Treatment)**

- कटनको हल्का लुगा लगाउने
- कोठाको तापक्रम चिसो राख्ने
- फ्यान चलाउने
- तातो पानी वा तातो खाना खाने
- मसालेदार खाना नखाने र हल्का खाना खाने
- हिँड्ने, दौड्ने, किगेल व्यायाम (Kegal Exercise) गर्ने,
- योग, ध्यान, मसाज, गहिरो श्वास लिने अभ्यास गर्ने
- धूमपान, मदिरा र क्याफिन कम गर्ने
- क्याल्सियम र प्रोटिनयुक्त खाना खाने
- दैनिक १-१.५ ग्राम क्याल्सियम र भिटामिन D3 लिँदा हडी कमजोर हुने समस्या (Osteoporosis) घट्छ ।
- घाममा बस्दा शरीरमा प्राकृतिक रूपमा भिटामिन डी बन्ने गर्छ ।
- भिटामिन ‘ई’ ले शरीर तातिने समस्या कम गर्छ ।
- सम्भोगका बेला लुब्रिकेन्ट (Lubricant) प्रयोग गर्ने ।
- छाला र कपाल सुख्खा भएमा तेलको प्रयोग गर्न सकिन्छ ।

**२) हर्मोन प्रतिस्थापन उपचार (Hormone Replacement Therapy-HRT)**

- यो उपचार इस्ट्रोजोनको कमीका कारण हुने असर घटाउन प्रयोग गरिन्छ ।
- यो औषधि मुखबाट खाने चक्की, योनीमा लगाउने क्रिम वा छालामा टाँस्ने प्याचको रूपमा दिइन्छ ।
- HRT ले मेनोपजका लक्षणहरू घटाउँछ र मेनोपज अघि, बिचमा र पछि पनि प्रयोग गर्न सकिन्छ ।

***(लेखिका भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानमा नर्सिङ विभागमा उप-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।)***

# ‘आफ्ना मान्छे फर्कने आशा र अनिष्टको डरबिचमा बाँकेका पीडित परिवार’

✍ रुपनी जिएम

नेपालगञ्ज (बाँके), १५ भदौ । “छोरीले तिहारमा आउँछु आमा, राम्ररी बसे है भनेर फोनमा कुरा गरेको तीन दिनपछि रसुवामा बाढीले सबै बगायो रे भन्ने सुनेँ । मेरी कान्छी बाँच्यो होला कि नहोला ?”

बाँकेको राप्तीसोनारी गाउँपालिका-२ राजपुरकी ८३ वर्षीया



खीमादेवी पुनमगरको आँखामा अहिले यही प्रश्न घुमिरहन्छ । चाउरी परेको अनुहार, धमिलिँदै गएको आँखामा टिलपिलाएका आँसु र हातमा पटुकाको फेरो । त्यही फेरोले आँसु पुछ्दै उहाँ रसुवाको चीन सीमानजिक खाजा पसल सञ्चालन गर्दै आएकी कान्छी छोरी एकमाया पुन मगर (केसी) लाई सम्झनुहुन्छ ।

“छोरीले तिहारमा आउँछु भनेकी थिई । घर आउँछु भनेर फोन गरेकी छोरी आज कहाँ छे, के अवस्थामा छे भन्ने थाहा छैन”, खिमादेवीले भक्कानिँदै भन्नुभयो, “छोरी जीउँदै फर्केर आओस्, मलाई यत्ति चाहिएको छ ।”

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले रसुवामा जनधनको ठुलो क्षति पुर्याएपछि खीमादेवीको मनमा छोरीको चिन्ताले घर गरेको छ । भदौ १० गते बाढीले सबै बगाएर बगर बनाएको खबर उहाँले माइली बुहारी तिलाकुमारी पुनमगरबाट सुन्नुभएको थियो ।

बुहारीले मोबाइलमा बाढीको भिडियो देखाएपछि उहाँको मन झनै अत्तालियो । त्यसयता उहाँको आँखाले छोरी आउने बाटो कुरिरहेको छ । कानले छोरीको आवाज सुन्न खोजिरहेको छ । तर फोनको घण्टी बज्दैन । खबर आउँदैन । आउने हरेक सूचनाले आशाभन्दा बढी डर दिएको छ । “मलाई केही चाहिँदैन”, खीमादेवीले आँसु पुछ्दै भन्नुभयो, “मेरी छोरी फर्केर आओस् । उसले फोनमा भनेजस्तै तिहारमा घर आओस् । म उसलाई आफ्नै आँखाले देख्न पाऊँ ।”

चौवालीस वर्षीया एकमाया विगत पाँच वर्षदेखि रसुवामा खाजाको पसल सञ्चालन गर्दै आउनुभएको थियो । श्रीमान् प्रकाश केसीसँग करिब १२ वर्षअघि कामको सिलसिलामा काठमाडौँ पुग्नुभएकी उहाँले पछि रसुवामा व्यवसाय सुरु गर्नुभएको थियो । दुई छोराकी आमा एकमायाको पसलमा आफ्नै आफन्त काम गर्न पुगेका थिए ।

बाढीपछि एकमाया पनि अन्य व्यक्तिजस्तै सम्पर्कविहीन हुनुभयो । जिल्ला प्रशासन कार्यालयले सार्वजनिक गरेको बेपत्ताको विवरणमा उहाँको नाम समावेश भयो । तर त्यसको केही समयपछि उहाँको शव तनहुँको आँबुखैरेनी गाउँपालिका-४ पूर्वबेँसी भन्ने स्थानमा भदौ ११ गते फेला परेको सरकारी विवरण सार्वजनिक भयो ।

तर, परिवारका लागि त्यो विवरणले अझै निश्चितता दिएको छैन । परिवारका सदस्यले त्यसलाई स्वीकार गर्न सकेका छैनन् । आमाको मनले त झन छोरीको मृत्यु भएको मान्न सकेको छैन । “मेरी छोरी नै हो भनेर म कसरी मानुँ ? उसले त घर आउँछु भनेर फोन गरेकी थिई”, खिमादेवीले भन्नुभयो, “मेरी छोरी कतै बाँचेर बसेकी पो छ कि ? एकपटक आएर आमा भनेर बोलाइदिए पुग्छ ।”

एकमायासँगै कामको सिलसिलामा रसुवा पुगेका उहाँकै भतिजी जानकी घर्तीमगर र भतिज सेतुनाथ योगी पनि बाढीपछि बेपत्ता हुनुहुन्छ । बेरोजगार रहेका आफन्तलाई रोजगारीसँगै साथसमेत हुने भन्दै एकमायाले आफ्नै खाजा पसलमा काम गर्ने अवसर दिनुभएको थियो । तर रोजगारीको खोजीमा रसुवा पुगेका उनीहरूको परिवार अहिले एक-एक फोन र एक-एक खबरको प्रतीक्षामा छ ।

राजपुर निवासी तिलक घर्तीमगरकी छोरी जानकी घर्तीमगर पनि अहिले बेपत्ताको सूचीमा हुनुहुन्छ । वैदेशिक रोजगारीमा पठाइदिने भन्दै दलालले रु पाँच लाख ठगेपछि सहकारीबाट लिएको ऋण तिर्नुपर्ने भएपछि जानकी एकमायाको पसलमा काम गर्न जानुभएको थियो । छोरीलाई रसुवा नजान आग्रह गरेको सम्झना गर्दै तिलकका आँखा रसाए ।

“मैले छोरीलाई फर्क, त्यहाँ काम गर्न पर्दैन भनेको थिएँ । बरु म यहाँ विद्युतीय रिक्सा किनिदिन्छु भनेको थिएँ”, उहाँले भन्नुभयो, “तर उसले मानिन । ‘हैन बुवा, म यतै काम सिक्छु, पछि आफ्नै व्यवसाय गर्छु भन्थी ।” छोरीप्रति गर्व गर्दै उहाँले थप्नुभयो, “उ हाम्रो घरको छोरी होइन, छोरा थिई ।” छोरी बेपत्ता भएपछि भने त्यही घरमा अहिले सन्नाटा छ । खबर आउने आशामा परिवारको दिन बितिरहेको छ । “आजसम्म छोरीको कुनै खबर आएको छैन । मन आत्तिएको छ”, तिलकले रुँदै भन्नुभयो, “जिउँदै छे जस्तो पनि लाग्छ, छैन जस्तो पनि लाग्छ । उसलाई केही भयो भने हामी कसरी बाँच्ने ?” तर शोकले घेरिए पनि तिलकको मनले छोरी फर्कने आशा छाडेको छैन । सरकारी खोजीबाट कुनै सकारात्मक खबर आउने र ढिलोचाँडो छोरी घर फर्कने विश्वासमा परिवार बसिरहेको छ ।

जानकीसँगै काम गर्न रसुवा पुग्नुभएका राजपुरकै ४७ वर्षीय सेतुनाथ योगीको परिवार पनि अहिले यस्तै आशामा छ । दश महिनाअघि कामका लागि रसुवा पुग्नुभएका सेतुनाथका घरमा श्रीमती टिका योगी र दुई साना छोरा छन् । ३० वर्षीया टिका अहिले दुई छोराको अनुहार हेर्दै श्रीमान्को बाटो कुरिरहनुभएको छ । “मेरा श्रीमानलाई केही भयो भने मैले यी साना बाबुलाई कसरी हुर्काउने ?” टिकाले रुँदै भन्नुभयो, “उहाँ बाँचेर घाइते भएर मात्रै भए पनि फर्केर आउनुभयो भने म सबै सम्पत्ति बेचेर भए पनि उपचार गराउँथेँ । मलाई उहाँ घर फर्किनुभएको हेर्नु छ ।”

बाढी आउनुभन्दा एक दिनअघि साँझ ५ बजे सेतुनाथले परिवारका सबै सदस्यसँग फोनमा कुरा गर्नुभएको थियो । आफू सुरक्षित रहेको र दसैँमा घर आउने बताउनुभएको थियो । त्यो फोन अहिले टिकाको मनमा बारम्बार दोहोरिन्छ ।

“उहाँले दसैँमा घर आउँछु भन्नुभएको थियो । त्यो आवाज अझै कानमा गुन्जिरहेको छ”, टीकाले भन्नुभयो, “दसैँ आउँदा उहाँ साँच्चिकै घर फर्किनुहुन्छ कि भन्ने आशा छ ।” सेतुनाथका ७६ वर्षीय बुवा हीरानाथ योगीका लागि छोरा बुढेसकालको सहारा हुनुहुन्थ्यो । छोरा बेपत्ता भएको खबरपछि उहाँको अवस्था झनै कमजोर बनेको छ ।

“मेरो बुढेसकालको सहारा थियो मेरो छोरो । के भयो नि यस्तो ?” हिरानाथले भक्कानिँदै भन्नुभयो, “मेरो छोरो बाँचेर आइदिए हुन्थ्यो । मेरो यति मात्र चाहना हो ।” उहाँका लागि अहिले धनसम्पत्ति, घरव्यवहार वा अन्य कुनै कुरा महत्त्वपूर्ण छैन । बाँचेर छोरा फर्किए पुग्छ । “छोरो घरको ढोकामा आइपुगेको हेर्न पाएँ भने अरू केही चाहिँदैन”, उहाँले भन्नुभयो ।

रसुवाको भोटेकोशी बाढीले राजपुरका अर्का २३ वर्षीय सुरेश विकलाई परिवारबाट टाढा बनाएको छ । भारतको हिमाचल प्रदेशमा बस्दै आएका सुरेश गाडीको लाइसेन्स बनाउने प्रक्रियाका लागि नेपाल आउनुभएको थियो । लाइसेन्सको प्रक्रिया पूरा हुन समय लागेपछि रसुवामा चिनियाँ सामान ओसारपसार गरी व्यापार गर्ने भन्दै उहाँलाई बोलाइएको थियो ।

सुरेशकी काकी पवित्रा विकका अनुसार उहाँले बाढी आउनुभन्दा एक दिनअघि अर्थात् भदौ ९ गते साँझ परिवारसँग फोनमा कुरा गर्नुभएको थियो । “सुरेशले फोन गरेर काम राम्रै चलेको छ भनेको थियो । दसैँमा घर आउँछु भनेको थियो”, पवित्राले भन्नुभयो, “त्यसपछि एकाएक बाढी आएको खबर आयो । अहिले उसको फोन आउँदैन ।”

फोन नआए पनि परिवारले प्रतीक्षा गर्न छाडेको छैन । “हामीलाई अझै पनि सुरेश कतै सुरक्षित छ कि भन्ने आशा छ”, उहाँले भन्नुभयो, “कुनै ठाउँमा उद्धार भएर बसेको भए एकपटक खबर गरिदिए पनि हाम्रो मन शान्त हुन्थ्यो ।”

बाढीले घर, पसल, सडक र सम्पत्ति मात्र बगाएको छैन, धेरै परिवारको जीवनको भरोसा र भविष्यसमेत अनिश्चित बनाएको छ । रसुवाको घटनापछि बाँकेका परिवारमा आफ्ना मान्छे फर्कने आशा र अनिष्टको डर एकसाथ छ ।

जिल्ला प्रशासन कार्यालय बाँकेको तथ्याङ्कअनुसार रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा बाँकेसँग सम्बन्धित २७ जना बेपत्ता भएका छन् । उनीहरूको परिवार अहिले सरकारी खोजी र उद्धार टोलीबाट आउने खबरको प्रतीक्षामा छन् ।

प्रमुख जिल्ला अधिकारी दीलकुमार तामाङले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा बाढीले अकल्पनीय धनजनको क्षति पुर्याएको बताउँदै बेपत्ता व्यक्तिहरूको फोटोसहितको प्रोफाइल तयार गरी खोजी कार्यका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको जानकारी दिनुभएको छ ।

तर सरकारी तथ्याङ्कमा नाम चढ्नु र परिवारको मनले आफन्तलाई गुमाउनु एउटै कुरा होइन । आफन्त बेपत्ता हुँदासम्म परिवारले अन्तिम सत्य स्वीकार गर्न चाहँदैन । एउटा फोन, एउटा सन्देश वा उद्धारकर्ताको एउटा सकारात्मक खबरले उनीहरूको आशालाई फेरि बलियो बनाइदिन्छ ।

खीमादेवीको घरमा पनि त्यही आशा बाँकी छ । तिलक घर्तीमगर छोरीको बाटो हेरिरहनुभएको छ । टीका योगी दुई साना छोरालाई काखमा च्यापेर श्रीमान् फर्कने प्रार्थना गरिरहनुभएको छ । हिरानाथ योगी बुढेसकालको सहारा फर्केर आउने सपना देखिरहनुभएको छ । पवित्रा विक सुरेशको फोन आउने प्रतीक्षामा हुनुहुन्छ ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १०३

गृहसचिव गोकर्णमणि दवाडीको मोबाइल नम्बर ९८५१०२८९९९ ले काठमाडौँ प्रमुख जिल्ला अधिकारी छवि रिजालको दुइवटै मोबाइल नम्बरमा भदौ २३ गते २ पटक सम्पर्क गरेको देखिन्छ ।

पुर्वगृहमन्त्री रमेश लेखकको मोबाइल नम्बरहरू ९८५११८०३३३, ९८५१४०००0४ लाई सशस्त्र प्रहरीका आईजीपी राजु अर्याललले भदौ २३ र २४ गते ११ पटक सम्पर्क गरेको देखिन्छ । गृहसचिव गोकर्णमणि दवाडीले भदौ २३ गते तीनपटक सम्पर्क गरेको देखिन्छ । पूर्वनेपाल प्रहरीका आईजीपी चन्द्र कुवेर खापुङले भदौ २३ गते आठपटक सम्पर्क गरेको देखिन्छ । विष्णु रिमाललाई भदौ २४ गते एकपटक सम्पर्क गरेको देखिन्छ भने काठमाडौँका प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई भदौ २३ गते दुईपटक फोन सम्पर्क गरेको देखिन्छ । पूर्वप्रधानमन्त्री के.पी. वलीको पी.ए. राजेश बज्राचार्यको दुवै मोबाइलमा भदौ २३ र २४ गते तीनपटक फोन सम्पर्क गरेको देखिन्छ । नेपाली सेनाको प्रमुख राजु सिग्देललाई भदौ २३ र २४ गते तीनपटक सम्पर्क गरेको देखिन्छ । पूर्वप्रधानमन्त्री के.पी. वलीको पी.ए. दीपेन्द्र दाहाललाई भदौ २३ गते दुईपटक सम्पर्क गरेको देखिन्छ । पूर्वएनआईडी प्रमुख हुतराज थापालाई भदौ २४ गते एकपटक सम्पर्क गरेको देखिन्छ ।

काठमाडौँ प्रमुख जिल्ला अधिकारी छवि रिजालको मोबाइल नम्बर ९८५१११९७७७ लाई पूर्वगृहमन्त्री रमेश लेखकले भदौ २३ गते एकपटक सम्पर्क गरेको देखिन्छ भने डीआईजीपी विश्व अधिकारीले भदौ २४ गते चारपटक सम्पर्क गरेको देखिन्छ । सह-सचिव आनन्द काफ्ले भदौ २३ र २४ गते १० पटक एक अर्काले मोबाइलमा सम्पर्क गरेको देखिन्छ । गृहसचिव गोकर्णमणि दवाडीलाई भदौ २३ गते एकपटक फोन सम्पर्क गरेको देखिन्छ । एआईजीपी सिद्धि विक्रम शाहसँग भदौ २३ गते दुईपटक सम्पर्क गरेको देखिन्छ भने पूर्वगृहमन्त्री रमेश लेखकलाई भदौ २३ गते एकपटक सम्पर्क गरेको देखिन्छ । पूर्वगृहमन्त्री रमेश लेखकको पी.ए. जनक भट्टलाई भदौ २३ गते एकपटक सम्पर्क गरेको देखिन्छ । मुख्यसचिव एक नारायण अर्यालसँग भदौ २३ र २४ गते सातपटक एकअर्काले दुवैको मोबाइलमा सम्पर्क गरेको देखिन्छ । आईजीपी दानबहादुर कार्कीले भदौ २३ गते एकपटक सम्पर्क गरेको देखिन्छ भने विष्णु रिमालले भदौ २४ गते एकपटक सम्पर्क गरेको देखिन्छ । गृहसचिव गोकर्णमणि दवाडीसँग भदौ २३ र २४ गते नौपटक सम्पर्क गरेको देखिन्छ । डीआईजीपी ओम रानाले भदौ २३ गते एकपटक सम्पर्क गरेको देखिन्छ भने सशस्त्र आईजीपी राजु अर्यालले भदौ २३ गते एकपटक सम्पर्क गरेको देखिन्छ ।

राजेश बज्राचार्य (पूर्वप्रधानमन्त्री के.पी. वलीको पी.ए.) को मोबाइल नम्बर ९८५११६२२०६ मा पूर्वगृहमन्त्री रमेश लेखकले भदौ २३ गते दुईपटक सम्पर्क गरेको देखिन्छ । विष्णु रिमालले भदौ २३ गते एकपटक सम्पर्क गरेको देखिन्छ भने सभामुख देवराज घिमिरेले एकपटक सम्पर्क गरेको देखिन्छ ।

राजेश बज्राचार्य (पूर्वप्रधानमन्त्री के.पी. वलीको पी.ए.) को मोबाइल नम्बर ९८०११६२२०६ ले पूर्वगृहमन्त्री रमेश लेखकलाई भदौ २४ गते एकपटक सम्पर्क गरेको देखिन्छ । गृहसचिव गोकर्णमणि दवाडिलाई भदौ २४ गते एकपटक सम्पर्क गरेको देखिन्छ । पूर्वआईजीपी चन्द्र कुवेर खापुङले भदौ २४ गते एकपटक सम्पर्क गरेको देखिन्छ । डीआईजीपी विश्व अधिकारीलाई भदौ २३ गते एकपटक सम्पर्क गरेको देखिन्छ ।

# चामुण्डा बिन्द्रासैनीमा 'भक्तपुर काण्ड' को भर्त्सना

दैलेख, १५ भदौ । नेमकिपा चामुण्डा बिन्द्रासैनी वडा नं. ८ को आयोजनामा बिन्द्रासैनी डाँडामा भक्तपुर काण्डको भर्त्सना गर्दै शनिबार कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले भदौ १० गते भोटेकोशी नदीमा आएको बाढी पहिरोको कारण मृत्यु भएकाहरू प्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो ।

पीडितहरूलाई विनापक्षपात राहतको व्यवस्था गर्न सरकारको दायित्व भएको उहाँले बताउनुभयो ।

भक्तपुर काण्ड राजनीतिक षड्यन्त्र भएको स्पष्ट पार्दै उहाँले नेमकिपालाई नष्ट गर्न खोज्ने पञ्चायत आफै पतन हुनुपरेको उल्लेख गर्नुभयो ।

नेमकिपा चामुण्डा बिन्द्रासैनीका अध्यक्ष दीपक शाहीले नेमकिपाविरूद्ध षड्यन्त्रहरू गर्नेहरूको पतन पनि षड्यन्त्रबाट हुने धारणा राख्नुभयो ।

नेपाल कर्मचारी समाजका नगेन्द्र कार्कीले पुँजीवादको पतन र समाजवादी व्यवस्था स्थापना नभएसम्म नेमकिपाको सङ्घर्ष चालु रहने बताउनुभयो ।

***भोटेकोसी...***

यस्ता विशेष सामग्री जापान र कोरिया गणतन्त्रबाट पनि छिट्टै प्राप्त हुने अपेक्षा गरिएको छ", प्रवक्ता क्षेत्रीले भन्नुभयो ।

प्रवक्ता क्षेत्रीले भन्नुभयो, "हामी पुन:स्थापना तथा पुन:निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्ने अपेक्षा गर्दछौं । मूल्याङ्कन अगाडि बढ्दै जाँदा आवश्यकताका विशिष्ट विवरण पछि जानकारी गराइनेछ ।"

प्रवक्ता क्षेत्रीले हालसम्म प्रभावित क्षेत्रबाट ९०३ शव फेला परेको र करिब चार हजार २०० सय जना अझै सम्पर्कविहीन रहेको जानकारी दिनुभयो । प्रभावित क्षेत्रबाट १० हजारभन्दा बढी नागरिकको उद्धार गरिएको छ, त्यसमध्ये ३२३ भन्दाबढी विदेशी नागरिक रहेका उहाँको भनाइ थियो । उपलब्ध तथ्याङ्कअनुसार, विभिन्न ३९ देशका करिब ५९० विदेशी नागरिक अझै बेपत्ता छन् ।

यस कठिन घडीमा सरकार हाम्रा छिमेकी मुलुक तथा अन्तरराष्ट्रिय समुदायसँग निरन्तर नजिकको सम्पर्क र समन्वयमा रहेको चर्चा गर्दै प्रवक्ता क्षेत्रीले धेरै विदेशी नागरिक अझै बेपत्ता रहेको र समन्वयका लागि मन्त्रालयमा एक आपतकालीन नियन्त्रण कक्ष स्थापना गरिएको बताउनुभयो ।


## हार्दिक समवेदना



जन्म
२००२/१०/०२

स्वर्गारोहण
२०८३/०५/१३

यस संस्थाको प्रकाशन उपसमितिका सदस्य रुमन श्रेष्ठकी ममतामयी आमा सदस्यता नं. २१९७ का **बिजुलीमाया श्रेष्ठ**को स्वर्गारोहण भएको चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतक आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
भुलाँचा-४, भक्तपुर



## अनिवार्य बहुउदेश्यीय सहकारी संस्था लि.

गट्ठाघर-३, भक्तपुर, फोन नं.: ०१-६६३४८११, ६६३१९२९, ९८४५३३३८००

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

यस प्रतिष्ठित सहकारीलाई निम्नबमोजिम कर्मचारी आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिकले आवेदन दिन आह्वान गरिन्छ ।

| क्र.सं. | पद | सङ्ख्या | योग्यता | तलब |
|---|---|---|---|---|
| १. | बिजनेस प्रमोटर (बजार प्रतिनिधि) | २० | १० कक्षा वा सो सरह | संस्थाको नियमानुसार |
| २. | सहायक (Reception) | २ | +2 पास | संस्थाको नियमानुसार |
| ३. | कार्यालय सहयोगी | २ | साधारण लेखपढ | संस्थाको नियमानुसार |



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### ३२ औं वार्षिक साधारणसभामा उपस्थिति हुनेसम्बन्धी सूचना

यस संस्थाको **३२औं वार्षिक साधारणसभा कार्यक्रम** देहायका विषयहरूमा छलफल तथा निर्णयहरू गर्न **२०८३/६/१७ गते, शनिबार दिउँसो १:00 बजे महेश्वरी बैङ्क्वेट, थुसाँचामा आयोजना गरिने** हुँदा सभामा उपस्थित हुन सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत हुने विषयहरू:**

१. आ.व.२०८२/०८३ को प्रगति विवरण र आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम ।
२. आ.व.२०८२/०८३ को आयव्यय विवरण र आ.व. २०८३/०८४ को अनुमानित बजेट ।
३. आ.व.२०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व.२०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन तथा आ.व. २०८३/०८४ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।
५. शेयर लाभांश सम्बन्धमा ।
६. संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. आन्तरिक नीति र कार्यविधि सम्बन्धमा ।
८. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको चयन ।
९. साधारणसभाको माइन्युट प्रमाणीकरण

***नोट:***

**१.** २०८३/०६/१६ गते, शुक्रबार बिहान ७:०० बजेदेखि ५:०० बजेसम्म सिद्धि गणेश सहकारी भवन, चोर्चा (**सदस्य नं. १ देखि ८००० सम्मका सदस्यहरू**) र सिद्धि गणेश तालिम हल, खँचामा (**सदस्य नं. ८००१ देखि माथिका सदस्यहरू**) उपस्थिति तथा सुझावपुस्तिका खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**२.** २०८३/०६/१७ गते, शनिबार बिहान ७:०० बजेदेखि दिनको ५:०० बजेसम्म (महेश्वरी बैङ्क्वेट) सभा स्थलमा उपस्थिति खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**३.** संस्थामा २०८३/६/१५ गतेसम्म सदस्य भएका उपस्थित हरेक साधारण सदस्यलाई खाजा खर्चबापत रू.४७१।-(करकट्टी पछि रू.४००) प्रदान गर्ने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**सञ्चालक समिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE



## लायकु लुँध्वाका बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा. वडा नं. ४, ग:पली, फोन नं.: ०१-६६१९१२९

### २३ औं वार्षिक साधारणसभामा उपस्थित हुनेबारे

आदरणीय शेयर सदस्यज्यूहरू,

यस संस्थाका सञ्चालक समितिको २०८३/०५/०६ गते बसेको ३३१ औं बैठकको निर्णयअनुसार २३ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गराउँदै उक्त सभामा सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई अनिवार्य उपस्थितिको लागि विनम्र अनुरोध गर्दछ ।

**छलफलका बिषयहरू**

१. सञ्चालक समितिका अध्यक्षज्यूको आ.व.२०८२/८३ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. सञ्चालक समितिका सचिवज्यूको आ.व.२०८२/८३ को वार्षिक प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
३. सञ्चालक समितिका कोषाध्यक्षज्यूको आ.व.२०८२/८३ को आर्थिक करोबार वासलात वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०८३/८४ को अनुमानित बजेट पारित गर्ने सम्बन्धमा ।
५. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
६. आ.व. २०८२/८३ को लेखा परीक्षकको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
७. आ.व. २०८३/८४ को लागि बाह्य लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
८. संस्थाको विभिन्न आन्तरिक नीति नियमहरू संशोधन तथा परिमार्जन प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
९. सञ्चालक समिति, ऋण उपसमिति र अन्य समितिबाट आ.व.२०८२/८३ मा गरिएको सम्पूर्ण निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
१०. आ.व. २०८२/८३ को लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
११. २३ औं वार्षिक साधारणसभाको निर्णयपुस्तिकामा प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१२. विविध ।

**कार्यक्रम**

**मिति** : २०८३/०६/१७ गते, शनिबार
**स्थान** : अजिमा पार्टी महल, बाराहीस्थान, भक्तपुर
**समय** : बिहानको ठीक ८:०० बजे

**पुनश्च:**

१. साधारणसभाको हाजिरपुस्तिका बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म खुला रहनेछ ।
२. साधारणसभामा उपस्थितिको लागि सदस्यहरूले संस्थाको पासबुक साथ लिई उपस्थित हुनुपर्नेछ ।
३. यस संस्थामा आबद्ध हुने सम्पूर्ण शेयर सदस्यहरूले अनिवार्य रूपमा नियमित बचत गर्नुपर्नेछ ।
४. माथि प्रस्तुत विषयहरूमाथि थप विवरण केही गर्नुपर्ने भएमा यो सूचना प्रकाशित भएको ८ दिनभित्र संस्थामा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा